# नरहरिनाथ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय, कुमालगाउँ, कालिकोट
## कर्णाली प्रदेश, नेपाल

# पोषण वस्तुगत विवरण (पोषण पाश्वचित्र)

२०८२

पोषण तथा खाद्य सुरक्षा
नेपाल

नरहरिनाथ गाउँपालिका
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

CamScanner

# नरहरिनाथ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय, कुमालगाउँ, कालिकोट
## कर्णाली प्रदेश, नेपाल

# पोषण वस्तुगत विवरण (पोषण पाश्वचित्र)

२०८२

नरहरिनाथ गाउँपालिका
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

CamScanner

# बिषयसूची

भुमिका ........ १
गाउँपालिका अध्यक्षको मन्तव्य........ २
१. गाँउपालिकाको सामान्य परिचय ........ ३
१.१ गाँउपालिकाको नक्सा ........ ३
१.२ ऐतिहासिक पृष्ठभूमि : ........ ४
१.३ नामाकरण : ........ ५
१.४ अवस्थिति तथा सिमाना : ........ ५
१.५ क्षेत्रफल : ........ ६
२. गाँउपालिकाको भौगोलिक स्वरुप: ........ ७
२. १ गाँउपालिका देखि बिभिन्न वडा सम्मको दूरी ........ ७
२.२ भू-उपयोग ........ ७
३. जनसंख्या विवरण ........ ८
३.१ कर्णाली प्रदेशको जनसंख्या विवरण ........ ८
३.२ कालिकोट जिल्लाको जनसंख्या विवरण ........ ९
३.३ स्थानीय तहको जनसंख्या विवरण ........ ९
क्षेत्रगत विवरण ........ १०
४. स्वास्थ्य क्षेत्र ........ १०
४.१ स्वास्थ्य सेवाको लागि लक्षित वर्ग र सेवा केन्द्रहरुको विवरण ........ १०
४.२ स्वास्थ्य सेवा केन्द्रहरुको विवरण ........ ११
४.३ स्वास्थ्य सेवा केन्द्रमा भएका जनशक्तिको विवरण ........ १२
४.४ संस्था अनुसारको जनशक्तिको अवस्था ........ १३
४.५ गाँउपालिकाको भित्र मध्य तथा कडा कुपोषणको स्थिति ........ १४
४.६ गाँउपालिकामा विद्यमान स्वास्थ्य सेवा प्रभावको अवस्था ........ १५
४.७ गाँउपालिकामा हाल सम्म बनेका स्वास्थ्य सम्बन्धी दस्तावेजहरुको विवरण ........ १६



CamScanner

४.८ स्वास्थ्य,पोषण र मातृशिशु सेवा सम्बन्धि सूचकहरुको अवस्थाः ........ १७
४.९ प्रसुती गृहको विवरण ........ १९
५ . शिक्षा क्षेत्रः ........ १९
५.१ विध्यालयको विवरण ........ २०
५.२ बालविकास केन्द्रको विवरण ........ २०
५.३ दिवा खाजा लागु भएका स्कुलको विवरण ........ २१
५.४ संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको विवरण ........ २१
६. कृषि विकास क्षेत्र ........ २४
६.१ गाँउपालिकामा हुने प्रमुख खाद्यान्न बालिहरुको विवरण ........ २५
६.२ पोषणयुक्त रैथाने खाद्यान्न बालिहरुको विवरण ........ २५
६.३ कृषि क्षेत्रको बर्तमान अवस्थाः ........ २७
६.३.१ कृषियोग्य जमिनः ........ २७
६.३.२ बालीको किसिम ........ २७
६.४ प्रमुख बालीको उत्पादन विवरणः ........ २७
६.४.१ मुख्य खाद्यान्न बालीहरु ........ २७
६.४.२ तरकारी र फलफुल उत्पादनः ........ २८
७. महिला तथा बालबालिका क्षेत्र ........ ३०
७.१ महिला सहकारी तथा समुहको विवरण ........ ३१
७.२ महिला समुहहरुको विवरण ........ ३२
७.३ पालिका तथा वडा स्तरिय बाल क्लबको विवरणः ........ ३२
८ .खानेपानी तथा सरसफाई क्षेत्र ........ ३३
८.१ शौचालय सुविधाको प्रकार अनुसार घरपरिवारहरू ........ ३४
८.२ कुल शौचालय संख्याका आधारमा घरपरिवार ........ ३४
८ ३.पिउने पानीको मुख्य स्रोत अनुसार घरपरिवार ........ ३५
९ पशुसेवा .क्षेत्र ........ ३६
१०. स्थानीय क्षेत्र ........ ३७



CamScanner

**१०.१ पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिका पदाधिकारीहरु**....................................३७
११. बहुक्षेत्रीय पोषण योजना.................................................................................................३९
**११.१ पृष्ठभूमि**..........................................................................................................३९
**११.२ विद्यमान अवस्था**.................................................................................................४०
**११.३ मुख्य सवाल तथा चुनौतिः**.....................................................................................४२
**११.४ उद्देश्य**............................................................................................................४३
१२ .पोषणमैत्री स्थानीय तहको क्षेत्रगत सूचकहरुको बर्तमान स्थिति........................................................४४
नरहरिनाथ गाउँपालिका, कालिकोटका पोषणमैत्री सूचकहरू..........................................................४५
पोषणको क्षेत्रमा कार्यरत गैह सरकारीको संस्था तथा सम्पर्क व्यक्तिको विवरणः........................................४६
स्थानीय जनप्रतिनिधिहरुको विवरण...........................................................................................४६

# भुमिका

नेपालको सामाजिक र मानव पुंजीको विकासमा अवरोधको रूपमा रहेको कुपोषण विरुद्ध नरहरिनाथ गाउँपालिका, कालिकोटले निरन्तर कार्य गरिरहेको छ। यस सन्दर्भमा, गाउँपालिकाले पोषणका विभिन्न अभियानहरू सञ्चालन गरी कुपोषण न्यूनीकरणको लागि प्रयास गरिरहेको छ। यस गाउँपालिकाले पोषण र खाद्य सुरक्षा सम्बन्धी चुनौतीहरूको सामना गरिरहेको छ। यस क्षेत्रको दुर्गम भूगोल, सीमित पूर्वाधार ले खाद्यान्न अभाव र कुपोषणको स्थिति बढाइरहेको छ।

नरहरिनाथ गाउँपालिकामा कुपोषणको दर उच्च रहेको छ, जसमा पुड्कोपना, ख्वाउँटेपना, र कम तौल हुने कुपोषण प्रमुख छ। यस क्षेत्रमा कुपोषण दर राष्ट्रिय औसत अनुसार छ। दीर्घकालीन पोषणको कमीले गर्दा हुने पुड्कोपनाले यहाँका बालबालिकामा गम्भीर चुनौती उत्पन्न गरेको छ, जसले पाँच वर्षभन्दा कम उमेरका धेरै बालबालिकालाई प्रभावित गरेको छ। यसैगरी, अस्वच्छतापूर्ण वातावरण र कम तौलले बालबालिकाको स्वास्थ्य र विकासमा गम्भीर असर पारेको छ। भौगोलिक विकटता अलवा, गरिबी, खाद्य असुरक्षा तथा सीमित स्वास्थ्य सेवाका कारण, विशेषगरी महिला, बालबालिका र किशोर–किशोरीहरूमा कुपोषण एक दीर्घकालीन चुनौतीका रूपमा रहँदै आएको छ। यो पोषण प्रोफाइलको उद्देश्य दिगो अभ्यास, जनचेतना कार्यक्रमहरू र नीतिगत पहलमार्फत समुदायको पोषण सुधार गर्नु हो।

यहाँको पहाडी भूभागले कृषि उत्पादकत्व सीमित गरेको छ, र नरहरिनाथ गाउँपालिकाका धेरै घरपरिवार निर्वाहमुखी खेती प्रणालीमा निर्भर छन्। विविध खाद्यान्नहरूको सीमित पहुँच र बजारको दुर्गमताले खाद्य असुरक्षाको स्थितिलाई बढाएको छ। गरिबी र रोजगारीको अभावले पोषणयुक्त खानेकुराहरू, विशेष गरी महिला र बालबालिकाहरूको पहुँचमा कमी भएको छ। यसका साथै सामाजिक, सांस्कृतिक चलनहरूले पनि महिला र बालबालिकामा कुपोषणको जोखिम बढाएको छ।

यस गाउँपालिकामा परम्परागत आहार अभ्यासहरूमा खाद्य विविधताको अभाव रहेको छ, जसले पर्याप्त पोषक तत्वहरूको सेवनमा कमी ल्याएको छ। चामल, मकै र आलु जस्ता सुख्खा अन्नहरू आहारमा धेरै उपभोग गरिन्छ, जबकि दाल, तरकारी र पशुपन्छीजन्य स्रोतका खानेकुराहरूको प्रयोग कम हुन्छ।

नरहरिनाथ गाउँपालिकाले संघिय सरकार, प्रदेश सरकार र विभिन्न विकास साझेदारहरूसँग मिलेर यस समस्याहरूको समाधान गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजनालाई यस गाउँपालिकाले प्राथमिकताका साथ कार्यान्वयन गरिरहेको छ। यस



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

योजना अन्तर्गत आमा र बालबालिकाको पोषण तथा स्वास्थ्य अवस्था सुधार ल्याउन एकीकृत पोषण-विशेष र पोषण-सवेदनशील कार्यक्रम तथा अभियानहरू सञ्चालन भइरहेका छन्। नरहरिनाथ गाउँपालिकामा कुपोषण न्यूनीकरण गर्न स्थानीय तह, केन्द्र सरकार, गैरसरकारी संस्था र नागरिक समाजको समन्वयात्मक सहकार्य आवश्यक छ। पोषण सुधारका लागि सुधार गर्नुपर्ने क्षेत्रहरूलाई प्राथमिकता दिनुपर्छ। यसका लागि स्थानीय शासन प्रणालीलाई सुदृढ बनाउने, पोषणका लागि जनचेतना बढाउने र विशेष समूहहरूलाई लक्षित गर्ने कार्यक्रमहरूलाई निरन्तरता दिनुपर्छ।

## गाउँपालिका अध्यक्षको मन्तब्य..........


यस नरहरिनाथ गाउँपालिकाको बन्दै गरेको पोषण बस्तुगत बिबरण, पोषणमैत्री स्थानीय तह घोषणा कार्यबिधि महत्वपूर्ण छ, जुन नरहरिनाथ गाउँपालिकाको पोषणको अवस्थालाई निर्देशन गर्ने तथा दिशा दर्शाउने ऐना हो जसले हरेक बालबालिका लगायत सम्पूर्ण पोषणका क्षेत्रमा मार्गनिर्देशन गर्न सहयोग हुनेछ । पोषणमैत्री स्थानीय शासनका सम्पूर्ण चरणहरु पुरा गर्नका लागि पोषण र स्वास्थ्य तथा आधारभूत सरसफाई शाखाको मात्र भूमिका नभई अन्य बिषयगत शाखाहरु कृषि, पशु, शिक्षा, योजना, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाई क्षेत्र लगायत अन्य सामाजिक बिकास क्षेत्रको पनि तयारि र कार्यान्वायन उत्तिकै महत्वपुर्ण हुन्छ । आगामी दिनहरुमा गरिने बजेट निर्माण, बिनियोजन र नीति निर्माण प्रक्रियामा यस्ता खालका अति नै संबेदनशील कार्यक्रमहरुलाई प्रथामिकता दिनुपर्छ । विभिन्न बिषय अन्तर्गत बन्ने नीति, नियम संग सम्बन्धित निर्माण हुने डकुमेन्टहरु हाम्रो पालिकाका गहनाहरु हुन्, जसलाई हामीले सुरक्षित राख्ने र त्यसै अनुरुप कार्यान्वयनमा भूमिका निभाउनुपर्छ ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

# १.गाँउपालिकाको सामान्य परिचय

## १.१ गाँउपालिकाको नक्सा




स्रोत: स्थलरूप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वशासित क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CS CamScanner

## १.२ ऐतिहासिक पृष्ठभूमि :

नरहरिनाथ गाउँपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत कालीकोट जिल्लामा अवस्थित एक विशिष्ट ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण गाउँपालिका हो। यो क्षेत्र प्राकृतिक सौन्दर्य, पुरातात्त्विक महत्व, ऐतिहासिक गाथा र परम्परागत सभ्यताको अद्वितीय संगमको प्रतिनिधि स्वरूप प्रस्तुत हुन्छ। नरहरिनाथ को इतिहास निकै प्राचीन छ, जुन धार्मिक किंवदन्ती, प्राचीन शिलालेख, प्रस्तर मूर्ति, र ऐतिहासिक स्थलहरूबाट पुष्टि हुन्छ। विशेषतः नरहरिनाथ मन्दिर यस क्षेत्रको मुख्य धार्मिक केन्द्र मानिन्छ, जसलाई प्राचीन ऋषिमुनिहरूको तपोभूमिका रूपमा पनि व्याख्या गरिन्छ। कर्णाली क्षेत्रलाई 'सभ्यता र संस्कृतिको झरना' भनेर चिनिने सन्दर्भमा नरहरिनाथ यसको अभिन्न अंशका रूपमा रहेको छ। यस क्षेत्रले मध्यकालीन इतिहासमा पनि महत्वपूर्ण भूमिका खेलेको पाइन्छ। कर्णाली नदीमार्फत चलाइएका व्यापारिक मार्गहरू यस क्षेत्रको आर्थिक गतिशीलताका प्रमुख आधार थिए। नरहरिनाथ गाउँपालिकाका आसपासका क्षेत्रहरू ती व्यापारिक मार्गहरूको सहायक केन्द्रका रूपमा उपयोग गरिन्थे। यही इतिहासले यो क्षेत्रलाई न केवल धार्मिक र सांस्कृतिक केन्द्रका रूपमा, तर व्यापारिक दृष्टिले पनि सशक्त बनाएको थियो। यहाँका स्थानीय समुदायहरू जस्तै जनजाति, क्षेत्री, ब्राह्मण, ठकुरी, दलित तथा अन्य जातिहरूबीच आपसी सद्भाव, सहयोग र साझा संस्कृतिको भावना विद्यमान रहेको पाइन्छ। यी समुदायहरू प्राचीन समयदेखि परम्परागत कृषि प्रणाली, पशुपालन, जडीबुटी संकलन, र साना हस्तकलामा आधारित जीविकोपार्जन गर्दै आएका छन्। यस्ता परम्परागत पेशा र सीपहरूले नरहरिनाथको जीवनशैलीमा मौलिकता र आत्मनिर्भरताको अभ्यास स्थापना गरेका छन्। नरहरिनाथ मन्दिर मात्र नभई गाउँपालिकाभित्र रहेका अन्य विभिन्न साना ठूला धार्मिक स्थलहरूले पनि यस क्षेत्रको धार्मिक महत्त्वलाई अझ सुदृढ बनाएका छन्। प्रत्येक वर्ष यहाँ मेला तथा जात्राहरू आयोजना हुने परम्परा जीवितै छ, जसमा रुप्साको पुस्पान्जली सरद मेला, योगी नरहरिनाथको जन्मोत्सवको अवसरमा मनाइने रहगाढ मेला, गानेचौर मेला लगायत विभिन्न धार्मिक तिथिमा मनाइने मेला पैठपर्वहरु, विजयदशमी र गोर्खाली दशैंका मेलाहरु पर्छन। जसमा स्थानीय बासिन्दा मात्र होइन, विभिन्न क्षेत्रहरूबाट समेत अतिथिहरु सहभागी हुने गर्दछन्। यी पर्वहरूले सामाजिक एकता, संस्कृतिको संरक्षण र समुदायबीचको सम्बन्धलाई बलियो बनाउँदै आएका छन्। नेपालमा २०७३ सालपछि स्थानीय तह सुदृढीकरणका क्रममा नरहरिनाथ गाउँपालिका गठन गरिएको हो। यसअघि रहेका विभिन्न गाविसहरू कोटबाडा, कुमालगाउँ, रुप्सा, माल्कोट र लालु लाई समेटेर यस गाउँपालिका संरचना निर्माण गरिएको हो। स्थानीय शासन प्रणालीमार्फत नागरिकहरूले प्रत्यक्ष रूपमा योजना निर्माण, कार्यान्वयन र निगरानीमा सहभागिता जनाउने अवसर पाएका छन्। यसले शासनमा जनताको स्वामित्व बढाउनुका साथै विकासका गतिविधिहरूलाई स्थानीय आवश्यकता अनुसार निर्देशित गर्न मद्दत पुगेको छ। हाल नरहरिनाथ गाउँपालिकाले शिक्षा, स्वास्थ्य,



बालकृष्ण रानी मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

कृषि, सडक पूर्वाधार र पर्यटन क्षेत्रलाई प्राथमिकता दिएर विविध कार्यक्रम तथा योजना सञ्चालन गरिरहेको छ। यद्यपि, यहाँको भौगोलिक विकटता, बाढीपहिरो, चटयाङ्, असिनापानी, हिमपात, हावाहुरी तथा भूकम्पजस्ता प्राकृतिक प्रकोपहरूको जोखिम, सीमित स्रोतसाधन, तथा प्राविधिक जनशक्तिको अभावले गर्दा विकासका कार्यहरू चुनौतीपूर्ण बन्दै आएका छन्। त्यस बावजूद, यहाँका जनताको मेहनत, स्थानीय स्रोतसाधनको उचित परिचालन, र संघ, प्रदेश तथा गैरसरकारी संस्थाहरूको सहकार्यबाट गाउँपालिकाले क्रमशः विकासको यात्रा तय गरिरहेको छ। शिक्षा र स्वास्थ्य सेवाको पहुँचमा विस्तार, कृषिमा प्रविधिको प्रयोग, र पर्यटन सम्भावनाको अध्ययन तथा प्रवर्द्धन जस्ता कार्यहरू क्रमिक रूपमा अगाडि बढाइएका छन्।

## १.३ नामाकरण :

**योगी नरहरिनाथ** (१९७१-२०५९) नेपालका एक अध्यात्मिक व्यक्ति थिए। उनी नेपालका उद्भट आध्यात्मिक व्यक्तित्वका रूपमा परिचित छन्। वेद, वेदान्त, इतिहास, पुरातत्त्व, पुराण जस्ता अति गहन विषयहरूका ज्ञाता, प्रकान्ड विद्वान् योगी आजीवन अन्वेषकका रूपमा रहेको पाइन्छ। त्यसैले उनलाई रास्ट्रगुरुको रुपमा लिइएको पाइन्छ। उनको जन्म स्थान रहेको गाउँ भएकोले उनको सम्मान स्वरुप पालिकाको नामनै नरहरिनाथ राखिएको पाइन्छ।

## १.४ अवस्थिति तथा सिमाना :

नरहरिनाथ गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत कालीकोट जिल्लाको पश्चिमी भागमा अवस्थित एक महत्त्वपूर्ण स्थानीय तह हो जसले भौगोलिक, सांस्कृतिक, सामाजिक, धार्मिक र प्रशासनिक विविधता बोकेको छ। यस गाउँपालिकाको पूर्वमा खांडाचक्र गाँउपालिका , पश्चिममा अछाम उत्तरमा सान्नित्रिबेणी गाउँपालिका र दक्षिणमा अछाम जिल्लासँग सिमाना जोडिएको छ। यहाँको प्रमुख भौगोलिक विशेषतामा, खोला, बनजंगल तथा डाडाकाडाले यस क्षेत्रको पारिस्थितिकी तन्त्रलाई समृद्ध बनाएको छ। यातायातको दृष्टिकोणले हेर्दा यो क्षेत्र कर्णाली राजमार्गसँग जोडिएको छ भने नजिकैको प्रमुख बजार मान्मा रहेको छ जसले गर्दा स्थानीय बासिन्दाहरूको आवातजावत र आर्थिक गतिविधिहरू सञ्चालन गर्न सहज भएको छ।

यहाँका बासिन्दाहरू मुख्यतया कृषि, पशुपालन र सानातिना व्यापारमा निर्भर छन् भने यस क्षेत्रको अर्थतन्त्र मुख्यतया पारम्पारिक र निर्वाहमूलक छ। धार्मिक रूपमा बडीमालिका यस क्षेत्रबाट टाढा नभएकाले पर्यटनको सम्भावना पनि बोकेको छ। सिमाना जोडिएको रामारोशन पर्यटकीय संरक्षित क्षेत्रले यस क्षेत्रको आर्थिक तथा पर्यटकीय क्षेत्रमा थप टेवा पुगेको छ।

यस क्षेत्रको भौगोलिक विविधताले यहाँको जलवायु, वनस्पति र जीवजन्तुको विविधतालाई प्रोत्साहन गरेको छ। यहाँको हावापानी तल्लो हिमाली क्षेत्रमा चिसो र पहाडी भेगमा समशीतोष्ण छ जसले गर्दा यहाँ विभिन्न प्रकारका कृषि र जडिबुटी उत्पादनमा जोड दिएको छ, तर यस क्षेत्रको दुर्गम भूगोलले गर्दा यहाँका



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

बासिन्दाहरूलाई आधुनिक सुविधा र विकासको पहुँचमा चुनौतीहरू सामना गरेको छ। यस गाउँपालिकाले आफ्नो भौगोलिक स्थिति, धार्मिक महत्त्व र प्राकृतिक सम्पदाको आधारमा पर्यटन विकास गर्ने ठूलो सम्भावना बोकेको छ। तर यसका लागि यातायात सुविधा, होटल व्यवसाय र स्थानीय सहभागितामा आधारित पर्यटन नीतिहरू विकास गर्नुपर्छ।

### १.५ क्षेत्रफल :

नरहरिनाथ गाउँपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत कालीकोट जिल्लामा अवस्थित एक महत्त्वपूर्ण स्थानीय सरकार हो, जसको कुल क्षेत्रफल १४३.८६ वर्ग किलोमिटर रहेको छ। यो गाउँपालिका भौगोलिक दृष्टिले पहाडी भेगमा पर्दछ भने यसको भू-भाग विविधतापूर्ण छ। यहाँको भौगोलिक संरचनामा तल्लो हिमाली क्षेत्र, मध्य पहाडी भेग, वनजंगल, खेतीयोग्य जमिन तथा बस्ती क्षेत्रहरू समावेश छन्। समुद्र सतहबाट १,२०० मिटर देखि ३,९०० मिटरसम्मको उचाईमा फैलिएको यस क्षेत्रमा जलवायु विविध छ, जसले गर्दा यहाँ विभिन्न प्रकारका वनस्पति तथा जीवजन्तुहरू पाइन्छन्। यस गाउँपालिकाको भौगोलिक विविधताले यसलाई प्राकृतिक रूपमा समृद्ध बनाएको छ भने यहाँका वन, नदीनाला, हिमाली क्षेत्र तथा कृषि योग्य भूमिहरूले स्थानीय बासिन्दाहरूको आर्थिक गतिविधिको आधार बनेका छन्। यस गाउँपालिकाको भू-भागमा वनजंगलले ठूलो भूमि ओगटेको छ, जसमा साल, सिसम, सल्लो, लालिगुरास, बाझ, उत्तीस, चिउरा, जस्ता मूल्यवान वनस्पतिहरू पाइन्छन्। यसले वातावरणीय सन्तुलन कायम राख्न तथा जैविक विविधताको संरक्षणमा पनि महत्त्वपूर्ण भूमिका खेल्दछ। यहाँका खोलानालाले सिंचाइ, जलविद्युत उत्पादन तथा माछापालनको सम्भावना बढाएका छन्। नरहरिनाथ गाउँपालिकाको क्षेत्रफलको एक महत्त्वपूर्ण भाग कृषि योग्य जमिनले ओगटेको छ, जहाँ स्थानीय बासिन्दाहरूले धान, मकै, गहुँ, कोदो, फापर जस्ता अन्नबाली तथा आलु, ओखर, दालचिनी, सितलचिनी, अलैची जस्ता नगदे बालीहरू उत्पादन गर्छन्। यसका साथै, भौगोलिक विकटता, सिंचाइको अभाव, र आधुनिक कृषि प्रविधिको कमीले कृषि विकासमा बाधा पुर्याएको छ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

## २. गाँउपालिकाको भौगोलिक स्वरुप:

### २.१ गाँउपालिका देखि बिभिन्न वडा सम्मको दूरी

| क.स. | देखि | सम्म | किलो मिटर |
|---|---|---|---|
| १ | नरहरिनाथ गाउँपालिका | वडा- १ | ५ कि.मी |
| २ | नरहरिनाथ गाउँपालिका | वडा- २ | ३.५ कि.मी |
| ३ | नरहरिनाथ गाउँपालिका | वडा- ३ | ० कि.मी |
| ४ | नरहरिनाथ गाउँपालिका | वडा- ४ | ४.५ कि.मी |
| ५ | नरहरिनाथ गाउँपालिका | वडा- ५ | ६.६ कि.मी |
| ६ | नरहरिनाथ गाउँपालिका | वडा- ६ | ४.५ कि.मी |
| ७ | नरहरिनाथ गाउँपालिका | वडा- ७ | ६ कि.मी |
| ८ | नरहरिनाथ गाउँपालिका | वडा- ८ | ७.८ कि.मी |
| ९ | नरहरिनाथ गाउँपालिका | वडा- ९ | ९.५ कि.मी |

### २.२ भू-उपयोग

**भू उपयोगको अवस्था**

| क.सं. | विवरण | क्षेत्रफल (वर्ग कि. मि.) | कैफियत |
|---|---|---|---|
| १ | कुल क्षेत्रफल | १४३.८६ | स्थानीय सरकार आँकड़ा अनुसार |
| २ | कुल वन क्षेत्र | ६०.१५ (अनुमानित) | |
| ३ | झाडी बुट्यान क्षेत्र | २५.३० (अनुमानित) | |
| ४ | चरण क्षेत्र | | |
| ५ | कृषि क्षेत्र | ३०.०० (अनुमानित) | |
| ६ | बस्ति, भिर, पाखा आदि | १०.२१ (अनुमानित) | |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

जगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

# ३. जनसंख्या विवरण

## ३.१ कर्णाली प्रदेशको जनसंख्या विवरण

ऽ जनसंख्या भएको प्रदेश हो। २०७८ सालको राष्ट्रिय जनगणना अनुसार, यस प्रदेशको कुल जनसंख्या १६,८८,४१२ रहेको छ, जसमा पुरुषको संख्या ८२३,७६१ र महिलाको संख्या ८६४,६५१ छ। कर्णाली प्रदेशले नेपालको कुल क्षेत्रफलको १९.७४% (२७,९८४ वर्ग किलोमिटर) ओगटेको छ, तर यहाँ देशको कुल जनसंख्याको मात्र ५.९३% बसोबास गर्छन्। यसले गर्दा यस प्रदेशको जनसंख्या घनत्व मात्र ५६ व्यक्ति प्रति वर्ग किलोमिटर छ, जुन नेपालमै सबैभन्दा कम हो। यसको प्रमुख कारण भौगोलिक अवस्थिति, पहाडी र दुर्गम भूभाग, र विकासको अभाव हो। जातीय विविधताको हिसाबले कर्णाली प्रदेशमा खस आर्य समुदायको बहुलता छ। यहाँ छेत्री (४१.६१%), कामी (१५.८४%), थकुरी (१०.२९%), र ब्राह्मण (८.३६%) जातिका मानिसहरू प्रमुख रूपमा बसोबास गर्छन्। यसबाहेक, मगर समुदाय (१०.८८%) सबैभन्दा ठूलो गैर-खस आर्य जनजाति हो भने तामाङ (०.८८%) र गुरुङ (०.७०%) जस्ता अन्य जनजातिहरू पनि यहाँ छरिएर बस्छन्। यी जातीय समूहहरूको संस्कृति, भाषा, र परम्पराले प्रदेशको सामाजिक संरचनालाई विविध बनाएको छ। भाषागत विविधतामा नेपाली भाषा (खस कुरा) यहाँको प्रमुख भाषा हो, जसलाई ९५.५५% जनसंख्याले मातृभाषाको रूपमा बोल्छन्। यसबाहेक, मगर (२.०७%) र तामाङ (०.७२%) भाषाहरू पनि केही समुदायहरूद्वारा प्रयोग गरिन्छ। नेपाल सरकारको भाषा आयोगले मगर भाषालाई प्रदेशको थप आधिकारिक भाषाको रूपमा मान्यता दिन सिफारिस गरेको छ, तर यसलाई पूर्ण रूपमा लागू गर्न अझै चुनौती रहेको छ। शैक्षिक र आर्थिक हिसाबले कर्णाली प्रदेश नेपालको पछि परेको प्रदेश हो। यहाँको मानव विकास सूचकांक (HDI) ०.५७५ मात्र छ, जुन अन्य प्रदेशहरूभन्दा न्यून छ। साक्षरता दर ७६.६% रहेको छ, तर ग्रामीण क्षेत्रहरूमा यो दर धेरै कम हुन सक्छ। प्रदेशको विकासमा भौगोलिक दुर्गमता, पूर्वाधारको अभाव, र रोजगारीको सीमित अवसरले ठूलो बाधा उत्पन्न गरेको छ। यसले गर्दा धेरै युवाहरू रोजगारीको खोजमा अन्य प्रदेश वा विदेश पलायन गर्न बाध्य छन्। यसरी, कर्णाली प्रदेश आफ्नो विशाल भूभाग, जातीय विविधता, र भाषिक समृद्धताको बावजुद पनि विकासको धेरै पछि परेको अवस्थामा छ। यसको जनसंख्या वृद्धिदर न्यून छ, र पलायनले गर्दा यो समस्या अझ बढ्दै गएको छ। प्रदेशको समग्र विकासका लागि सरकारले विशेष योजना बनाउनु आवश्यक छ, जसले गर्दा यहाँका नागरिकहरूलाई रोजगारी, शिक्षा, र स्वास्थ्य सेवा जस्ता आधारभूत सुविधाहरू प्राप्त गर्न सहज बनाउन सकिनेछ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

### ३.२ कालिकोट जिल्लाको जनसंख्या विवरण

नेपाल सरकारबाट मिति २०७३/११/२७ गते राजपत्रमा प्रकाशित सूचना अनुसार यस जिल्लाको पुर्नसंरचना भई हाल यस जिल्लामा १ वटा संघीय निर्बाचन क्षेत्र तथा २ वटा प्रादेशिक निर्बाचन, ३ वटा गाँउपालिका र ६ वटा गाउँपालिका गरि ९ वटा स्थानीय तहहरु रहेका छन् ।

समुद्र सतहदेखि भौगोलिक अवस्थितिको हिसाबले यस जिल्लाको ७३८ मिटर देखि ४७९० मिटरसम्ममा फैलिएको छ । विश्व मान चित्रमा भौगोलिक अवस्थितिको हिसाबले यो जिल्ला पूर्वी देशान्तर ८१° २८" देखि ८२° ०२" र उत्तरी अक्षांश २९° ०५" देखि २९° २८" सम्म अवस्थित रहेको छ भने यस जिल्लाको जम्मा क्षेत्रफल १७४१ वर्ग कि मि रहेको छ । पूर्वमा जुम्ला जिल्ला, पश्चिममा अछाम जिल्ला, उत्तरमा बाजुरा र मुगु जिल्ला र दक्षिणमा दैलेख र जाजरकोट जिल्ला रहेका छन् ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार कालिकोट जिल्लाको जनसंख्या १,४५,२९२ रहेको छ जसमा घर संख्या २६,७७९ रहेको छ । कुल जनसंख्या मध्ये महिलाको जनसंख्या ७३,०४७(५०.२७%) र पुरुषको जनसंख्या ७२,२४५(४९.७२%) रहेको छ ।(2021 Nepal census - Wikipedia)

### ३.३ स्थानीय तहको जनसंख्या विवरण

नरहरिनाथ गाउँपालिका, कर्णाली प्रदेशको कालिकोट जिल्लामा अवस्थित छ। यो पालिका कुमालगाउँ, कोटबाडा, रुप्सा, मालकोट र लालु नामक पूर्व गाउँ विकास समितिहरूलाई गाभेर गठन गरिएको हो। यस गाउँपालिकालाई जम्मा ९ वडामा विभाजन गरिएको छ । यस पालिकाको प्रशासनिक केन्द्र कुमालगाउँमा रहेको छ। २०२१ को जनगणना अनुसार, नरहरिनाथ गाउँपालिकाको कुल जनसंख्या २२,४५८ छ, जसमा करिब समान अनुपातमा ११,०५८ पुरुष र ११,४०० महिला रहेका छन्। परिवार संख्या ४२९०, साक्षरता दर ७५.१२ प्रतिशत जसमा पुरुष ८१.४५ र महिला ६९.०५ रहेका छन् ।

जनसंख्याको महत्वपूर्ण हिस्सा बालबालिका तथा किशोर–किशोरीहरू (०–१४ वर्ष उमेर समूहका ८,५०४ जना) ले ओगटेका छन्, जसले बाल पोषणको विषयलाई अत्यन्त महत्त्वपूर्ण बनाउँछ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

# ४. स्वास्थ्य क्षेत्र

## ४.१ स्वास्थ्य सेवाको लागि लक्षित वर्ग र सेवा केन्द्रहरुको विवरण

| विवरण | संख्या |
|---|---|
| जम्मा वडा संख्या | ९ |
| जम्मा जनसंख्या | २२,६२४ |
| अनुमानित जिवित जन्म संख्या | ४६१ |
| १ बर्ष मुनिको जनसंख्या | ४४९ |
| १२ देखी २३ महिना सम्म | ४२६ |
| ५ बर्ष मुनिको जनसंख्या | २०४३ |
| १५ - ४९ बर्षका विवाहित महिला | ४३०० |
| अनुमानित गर्भवती संख्या | ५७६ |
| पूर्ण खोप सुनिश्चितता घोषणा भएका वडा संख्या | ९ |
| स्थानिय तहले सुचिकृत गरेको सुरक्षित गर्भपतन सेवा लागु भएको संस्था संख्या | २ |
| पूर्ण संस्थागत प्रसूती भएका वडा संख्या | ० |
| पोषण मैत्री स्वास्थ्य संस्था संख्या | ० |
| सरसफाई उन्मुख घोषणा भएका वडा संख्या | ३ |
| सुरक्षित खानेपानी योजना लागु भएका संस्था | ० |



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

जगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

## ४.२ स्वास्थ्य सेवा केन्द्रहरुको विवरण

| | |
|---|---|
| स्वास्थ्य चौकी संख्या | ४ |
| सामुदायिक स्वास्थ्य ईकाइ संख्या | ० |
| शहरी स्वास्थ्य केन्द्र संख्या | ० |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र संख्या | ४ |
| नागरिक आरोग्य केन्द्र | १ |
| वर्थिङ सेन्टर संख्या | ६ |
| आधारभूत अस्पताल | १ |
| खोप केन्द्रको संख्या | १६ |
| गाउँघर क्लिनिक संख्या | ० |
| महिला स्वास्थ्य स्वयंसेविका संख्या | ५० |
| प्रयोगशाला भएका स्वास्थ्य संस्था संख्या | १ |
| मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था संख्या | ५ |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

s

४.३ स्वास्थ्य सेवा केन्द्रमा भएका जनशक्तिको विवरण

| क्र. सं. | स्वास्थ्य चौकीको प्रकार | पद | सरकारी | | कार्यरत | |
|---|---|---|---|---|---|---|
| | | | स्वीकृत दरवन्दी संख्या | पदपुर्ती | स्थायी | करार |
| १ | स्वास्थ्य चौकी | प्रशासनीक कर्मचारी | २५ | २५ | ० | ५ |
| २ | महिला स्वास्थ्य स्वयम सेविका | | ५० | | | |
| ३ | गाउघर क्लिीनीक | | ० | | | |
| ४ | खोप केन्द्र | | १६ | | | |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

## ४.४ संस्था अनुसारको जनशक्तिको अवस्था

| स्वास्थ्य संस्था | मेडिकल अधिकृत | | | प्यारामेडिक्स (ज.स्वा.अ/ज.स्वा.नि/हे.अ /सि. अ.हे व/अ.हे.व) | | | नर्सिङ (स्टाफ नर्स/ सि.अ.न.मी / अ न.मी) | | | अन्य (ल्याब, X-ray, अन्य) | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | पूर्ति | करार | दरबन्दी | पूर्ति | करार | दरबन्दी | पूर्ति | करार | दरबन्दी | पूर्ति | करार | दरबन्दी | पूर्ति | करार |
| कोटबाडा स्वा.चौ. | | | | ३ | ३ | १ | २ | १ | २ | | | | ५ | ४ | ३ |
| आ.स्वा.से.के. डाँडाखला | | | | | | १ | | | २ | | | | | | ३ |
| योगी नरहरिनाथ आ. अस्पताल | १ | १ | १ | ४ | ४ | १ | ४ | ३ | २ | १ | १ | ४ | १० | ९ | ८ |
| आ.स्वा.से.के. अदेला | | | | | | २ | | | २ | | | | | | ४ |
| रुप्सा स्वा.चौ. | | | | ३ | ३ | १ | २ | २ | २ | | | | ५ | ५ | ३ |
| माल्कोट स्वा.चौ. | | | | ३ | ३ | | २ | २ | १ | | | | ५ | ५ | १ |
| आ.स्वा.से.के. उच्छब | | | | | | १ | | | ३ | | | | | | ४ |
| स्वा.चौ. लालु | | | | ३ | २ | | २ | १ | २ | | | | ५ | ३ | २ |
| आ.स्वा.से.के. रानीखेत | | | | | | १ | | | २ | | | | | | ३ |
| स्वास्थ्य शाखा | | | | १ | १ | १ | १ | १ | | | | | २ | २ | १ |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर सिंह
अध्यक्ष



CamScanner

## ४.५ गाँउपालिकाको भित्र मध्य तथा कडा कुपोषणको स्थिति

| क्र. सं. | वडाको नाम | मध्यम खालको कुपोषण भएका वालवालिकाको संख्या | | कडा खालको कुपोषण भएका वालवालिकाको संख्या | |
|---|---|---|---|---|---|
| | | ० देखी ११ | १२ देखी २३ महिना | ० देखी ११ | १२ देखी २३ महिना |
| १ | वडा- १ | ० | १४ | १ | १ |
| २ | वडा- २ | ० | २३ | ० | ० |
| ३ | वडा- ३ | ० | ७ | १ | १ |
| ४ | वडा- ४ | ० | ० | ० | ० |
| ५ | वडा- ५ | १ | २ | ० | १ |
| ६ | वडा- ६ | १ | ० | ० | ० |
| ७ | वडा- ७ | १ | २ | ० | ० |
| ८ | वडा- ८ | १ | १ | १ | ० |
| ९ | वडा- ९ | १ | २ | ० | ० |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

## ४.६ गाँउपालिकामा विद्यमान स्वास्थ्य सेवा प्रवाहको अवस्था

| क्र. स. | पालिकमा सेवा प्रवाह भईरहेका स्वास्थ्य संस्थाहरु | सेवा प्रवाह हुने वडाहरु | नियमित रुपमा सेवा प्रवाहको अवस्था | सुरक्षित प्रसुति गराउने तालीम प्राप्त स्वास्थ्यकर्मी | खोप केन्द्रको अवस्था | बहिरंग उपचार केन्द्र (OTC) भए र नभएको | स्वयम सेविका हरुको संख्या |
|---|---|---|---|---|---|---|---|
| १. | स्वास्थ्य चौकी कोटबाडा | १ र २ | राम्रो | उपलब्ध भएको | सन्तोषजनक | नभएको | ६ |
| २. | आधारभूत स्वास्थ्य सेवा केन्द्र डाडाखला | २ | राम्रो | उपलब्ध नभएको | सन्तोषजनक | नभएको | ७ |
| ३. | योगी नरहरिनाथ आधारभूत अस्पताल | ३ | राम्रो | उपलब्ध भएको | सन्तोषजनक | भएको | ६ |
| ४. | आधारभूत स्वास्थ्य सेवा केन्द्र अदेला | ४ | राम्रो | उपलब्ध नभएको | सन्तोषजनक | नभएको | ६ |
| ५. | स्वास्थ्य चौकी रुप्सा | ५. | राम्रो | उपलब्ध भएको | सन्तोषजनक | नभएको | ५ |
| ६. | स्वास्थ्य चौकी मालकोट | ६ | राम्रो | उपलब्ध भएको | सन्तोषजनक | नभएको | ५ |



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | आधारभूत स्वास्थ्य सेवा केन्द्र उच्छब | ७ | राम्रो | उपलब्ध भएको | सन्तोषजनक | नभएको | ४ |
| ८. | स्वास्थ्य चौकी लालु | ८ | राम्रो | उपलब्ध भएको | सन्तोषजनक | भएको | ५ |
| ९. | आधारभूत स्वास्थ्य सेवा केन्द्र रानीखेत | ९ | राम्रो | उपलब्ध नभएको | सन्तोषजनक | नभएको | ६ |

## ४.७ गाँउपालिकामा हाल सम्म बनेका स्वास्थ्य सम्बन्धी दस्तावेजहरुको विवरण

| दस्तावेज | अवस्था (नबनेको/बनेको) | जारी मिति |
|---|---|---|
| स्वास्थ्य नीति | बनेको | २०७५ |
| स्वास्थ्य ऐन | बनेको | २०७५ |
| आवधिक योजना | बनेको | - |
| वार्षिक स्वास्थ्य योजना | बनेको | २०८०/८१ |
| प्रारम्भिक बालविकास रणनीति | बनेको | २०८१ |
| स्वास्थ्य क्षेत्रको अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण निर्देशिका | बनेको | २०७८ |
| स्वास्थ्य संस्था दर्ता , अनुमति तथा नबिकरण सम्बन्धी निर्देशिका | बनेको | २०७७ |
| वार्षिक खरिद योजना आ.ब. २०८०/८१ | बनेको | २०८० |
| पोषणमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०८० | नबनेको | २०८२ |
| पोषण प्रोफाईल | नबनेको | २०८२ |



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

CamScanner

४.८ स्वास्थ्य, पोषण र मातृशिशु सेवा सम्बन्धि सूचकहरुको अवस्थाः

| सुचकहरू | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
|---|---|---|---|
| कम जन्म तौल ( २.५ भन्दा कम) भएका नवजात शिशुको प्रतिशत | 7.07 | 8.56 | 8.23 |
| बृद्धि अनुगमनको लागि दर्ता गरिएका २३ महिना पुरा गरेका बालबालिकाको औषत भेट | 6.6 | 12.99 | 16.23 |
| जन्मेको १ घण्टा भित्र स्तनपान गराएको शिशुको प्रतिशत | 98.29 | 99.69 | 99.34 |
| जन्मेको ६ महिनासम्म स्तनपान गराएको बच्चाहरूको प्रतिशत | | 172.49 | 218.35 |
| गर्भवती अवस्थामा १८० दिन आइरन चक्की प्राप्त गरेका गर्भवती महिलाहरुको प्रतिशत | 58.61 | 61.74 | 72.79 |
| सुत्केरी अवस्थामा भिटामिन ए प्राप्त गरेका महिलाहरुको प्रतिशत | 99.76 | 98.81 | 97.08 |
| ३ साइकल (१८० पिस) बालभिटा पाउने ६ देखि २३ महिनाको बालबालिकाको प्रतिशत | 0 | 0 | - |
| ६-५९ महिनाका बालबालिकाहरुमा भिटामिन ए उपलब्ध भएको प्रतिशत | 77.66 | 93.46 | 107.77 |
| ०-२ महिनाका शिशुहरू मध्ये खानपानमा समस्या देखिएको प्रतिशत | 30.51 | 35.35 | 43.84 |
| पोषण दर्ता - १८० क्याल्सियम ट्याब्लेट प्राप्त | 209 | 461 | 196 |
| पाँच वर्षमुनिका बालबालिका मध्ये IMNCI कार्यक्रममा दर्ता भएका (enrolled) विरामीको प्रतिशत | 99.97 | 153.07 | 164.74 |
| जन्मने वितिकै नाभी मलम(chlorhexidine gel) लगाएका नवजात शिशुहरूको प्रतिशत | 98.56 | 96.49 | 93.25 |



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ०-२ महिनाका शिशुहरू मध्ये सम्भावित गम्भीर ब्याक्टेरियाको संक्रमण प्रतिशत | 22.03 | 10.1 | 12.33 |
| ब्याक्टेरियाको गम्भीर संक्रमण भएका मध्ये जेन्टामाईसिन सुईद्वारा पूर्ण उपचार पाएकाको प्रतिशत | 61.54 | 90 | 66.67 |
| ८-५९ दिनका निमोनिया भएका शिशुहरू मध्ये एमोक्सिसिलिनद्वारा उपचार गर्नेको प्रतिशत | 285.71 | 206.67 | 140 |
| ५ बर्षमुनिका बालबालिकाहरुमा श्वासप्रश्वास सम्बन्धि निमोनिया बिरामी दर | 331.31 | 284.6 | 283.16 |
| निमोनिया बिरामीको दर (प्रति हजार) ५ वर्ष मुनिका बालबालिकाहरुमा) | 135.42 | 175.03 | 208.45 |
| निमोनिया तथा कडा निमोनिया भएका बच्चा मध्ये एन्टिबायोटिक्स द्वारा उपचार गर्नेको प्रतिशत | 92.56 | 94.06 | 95.95 |
| ५ बर्षमुनिका बालबालिकाहरुमा झाडापखालाका बिरामी दर | 180.66 | 259.74 | 226.55 |
| ५ बर्षमुनिका झाडापखालाका बिरामी मध्ये जिंक र पुनर्जलीय झोलबाट उपचार पाएकाको प्रतिशत | 100.93 | 99.45 | 102.42 |
| जम्मा महिला स्वास्थ्य स्वयंसेविका संख्या | 49 | 49 | 50 |
| सरसफाइ सेसन संचालन पटक | 0 | 100 | 100 |
| सरसफाइ सेसनमा सहभागीको संख्या | 0 | 550 | 580 |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

४.९ प्रसुती गृहको विवरण

| प्रसुती गृहको (Birthing Centre)को नाम | कार्यरत नर्सिङ स्टाफ संख्या | SBA तालिम प्राप्त स्वास्थ्यकर्मी संख्या | आ.व २०८१/०८२ को जम्मा प्रसुती गराईएको संख्या |
|---|---|---|---|
| स्वास्थ्य चौकी कोटबाडा | ३ | २ | ७६ |
| योगी नरहरिनाथ आधारभूत अस्पताल | ६ | ३ | ५८ |
| स्वास्थ्य चौकी रुप्सा | ४ | २ | ५० |
| स्वास्थ्य चौकी माल्कोट | ३ | २ | ५२ |
| स्वास्थ्य चौकी लालु | २ | १ | ८५ |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र उच्छब | २ | १ | ७ |

## ५ . शिक्षा क्षेत्रः

नरहरिनाथ गाउँपालिका, कालीकोटको शैक्षिक अवस्था विश्लेषण गर्दा यस क्षेत्रको साक्षरता दरमा उल्लेखनीय प्रगति देखिन्छ। ७५.१२ प्रतिशतको कुल साक्षरता दरले यस गाउँपालिकाले शिक्षा क्षेत्रमा गरेको प्रयास र प्रगतिलाई प्रतिबिम्बित गर्दछ। यो दर नेपालको राष्ट्रिय औसतभन्दा उच्च छ भने यसले क्षेत्रीय विकासको सकारात्मक चित्र प्रस्तुत गर्दछ। तर पनि, पुरुष (८१.४५%) र महिला (६९.१%) साक्षरताको बीच १२.३ प्रतिशतको अन्तरालले अहिले पनि समाजमा रहेको लैंगिक असमानतालाई उजागर गर्दछ। यस असमानताको मुख्य कारणहरूमा परम्परागत सामाजिक संरचना, बालविवाहको प्रचलन, घरेलु कामकाजमा महिलाहरूको व्यस्तता, र शिक्षाको महत्वप्रति अपर्याप्त जागरूकता पर्दछन्। गाउँपालिकाको दुर्गम भौगोलिक अवस्था, विद्यालयहरूको अपर्याप्त संख्या, शैक्षिक सुविधाको अभाव, र आर्थिक विपन्नताले पनि साक्षरता विस्तारमा बाधा उत्पन्न गरेको देखिन्छ।

यस समस्याको समाधानका लागि गाउँपालिकाले एकीकृत रणनीति अवलम्बन गर्नुपर्छ। सर्वप्रथम, महिला साक्षरतालाई विशेष प्राथमिकताको रूपमा लिनुपर्छ जसका लागि सामुदायिक स्तरमा साक्षरता कक्षा, प्रौढ शिक्षा कार्यक्रम, र महिला सशक्तिकरण अभियानहरू सञ्चालन गर्नुपर्छ। दोस्रो, शैक्षिक पहुँच बढाउन दुर्गम क्षेत्रहरूमा अतिरिक्त विद्यालयहरू स्थापना गर्ने, छात्रवृत्ति योजना विस्तार गर्ने, र यातायात सुविधा विकास गर्ने जस्ता उपायहरू आवश्यक छन्। तेस्रो, शिक्षण गुणस्तर सुधार्न योग्य शिक्षकहरूको नियुक्ति, शैक्षिक सामग्रीको उपलब्धता, र आधुनिक शिक्षण विधिको प्रयोग गर्नुपर्छ। साथै, अभिभावकहरूमा शिक्षाको महत्वबारे जागरूकता अभियान चलाउनुपर्छ विशेष गरी बालिका शिक्षाप्रति उनीहरूको धारणा परिवर्तन गर्न।



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

अन्तिमतया, स्थानीय सरकारले शिक्षा क्षेत्रमा बजेट आवंटन बढाउनुपर्छ र शिक्षा विकासका योजनाहरूलाई कार्यान्वयन गर्न प्रभावकारी निगरानी प्रणाली विकास गर्नुपर्छ। यी सम्पूर्ण प्रयासहरू समन्वित रूपमा गर्न सकेमात्र नरहरिनाथ गाउँपालिकाले शिक्षामा लैंगिक समानता कायम गर्न सक्नेछ र एक शिक्षित, सशक्त र समृद्ध समाजको निर्माण गर्न सक्नेछ। यसले मात्र होइन, समग्र रूपमा गाउँपालिकाको सामाजिक-आर्थिक विकासमा पनि ठूलो योगदान पुर्याउनेछ।

## ५.१ विद्यालयको विवरण

| क्र. स. | विद्यालयको संख्या | सामुदायिक | | | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|---|
| | | बाल विकास केन्द्र | आधारभूत | मा.बि | | |
| १ | नरहरिनाथ गाउँपालिका | ४ | ३८ | १० | १ | ५३ |

## ५.२ बालविकास केन्द्रको विवरण

| क्र.स. | बाल विकास केन्द्रको नाम | बाल विकास केन्द्रको ठेगाना | सहजकर्ताको नाम | सम्पर्क फोन नं |
|---|---|---|---|---|
| १. | बिन्द्राबासिनी बालविकास केन्द्र | ७ | शान्ती बटाला | |
| २. | जनज्योति बालविकास केन्द्र बांगा, मालकोट | ७ | सरिता बटाला | ९८६३४४५३०७ |
| ३. | जनज्योति बालविकास केन्द्र ढुंगेनी, लालु | ९ | सुनिता मल्ल | ९८६४९३५३२६ |
| ४. | सहिद स्मृति बालविकास केन्द्र, डाडागाउँ, मालकोट | ६ | निरुता बिक | ९८६६७६९७२३ |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

## ५.३ दिवा खाजा लागु भएका स्कुलको विवरण

| सि.न. | वडाको नाम | विद्यालयको नाम | कैफियत |
|---|---|---|---|
| १ | वडा- १ | | सबै विद्यालयमा दिवा खाजा लागू छ। |
| २ | वडा- २ | | सबै विद्यालयमा दिवा खाजा लागू छ। |
| ३ | वडा- ३ | | सबै विद्यालयमा दिवा खाजा लागू छ। |
| ४ | वडा- ४ | | सबै विद्यालयमा दिवा खाजा लागू छ। |
| ५ | वडा- ५ | | सबै विद्यालयमा दिवा खाजा लागू छ। |
| ६ | वडा- ६ | | सबै विद्यालयमा दिवा खाजा लागू छ। |
| ७ | वडा- ७ | | सबै विद्यालयमा दिवा खाजा लागू छ। |
| ८ | वडा- ८ | | सबै विद्यालयमा दिवा खाजा लागू छ। |
| ९ | वडा- ९ | | सबै विद्यालयमा दिवा खाजा लागू छ। |

## ५.४ सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको विवरण

| सि.नं. | विद्यालयको नाम | जम्मा छात्रा | जम्मा छात्र | जम्मा विद्यार्थी संख्या | वार्ड न. |
|---|---|---|---|---|---|
| १ | नन्दादेवी मा.वि. कोटवाडा | २८८ | २७५ | ५६३ | १ |
| २ | नैनेलदेव आ.वि. धारी | ८ | ५ | १३ | १ |
| ३ | चौथिकोट आ.वि. मजिउन | १४५ | १०५ | २५० | २ |
| ४ | सरस्वती आ.वि. ओडगाउँ | १९ | २४ | ४३ | १ |
| ५ | नुवादेव आ.वि सोतरगाउँ | ८६ | १०८ | १९४ | १ |
| ६ | शान्ती आ.वि. लामीडाँडा | १२ | ११ | २३ | १ |
| ७ | रहकर्णाली आ.वि. खुलालु मोरा | १४ | १८ | ३२ | १ |
| ८ | गुरुदेव आ.वि. गणेशपुर | ३ | १० | १३ | १ |
| ९ | हरिशंकर आ.वि. दोबिटा | ११ | १० | २१ | ४ |
| १० | विश्वकुना मा.वि. माझगोठी | १५६ | १४५ | ३०१ | ४ |



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

| सि.नं. | विद्यालयको नाम | जम्मा छात्रा | जम्मा छात्र | जम्मा विद्यार्थी संख्या | वार्ड न. |
|---|---|---|---|---|---|
| ११ | निलकण्ठीमाडु आ.वि. गोठी | २९ | ३३ | ६२ | ३ |
| १२ | रुपादेवी आ.बि. डाँडाखाला | ६० | ५९ | ११९ | २ |
| १३ | जनता आ.वि. भरता | ३५ | ३९ | ७४ | ३ |
| १४ | रमा मा.वि. कालाशिल्ला | २६५ | २८७ | ५५२ | ३ |
| १५ | जनकल्याण आ.वि. पनेरीखेत | ६ | ८ | १४ | ३ |
| १६ | जनप्रभात मा.वि. श्रीकोट | ३४५ | २८५ | ६३० | ९ |
| १७ | शान्ती आ.वि. सुन्दरपानी | ९८ | ९३ | १९१ | ९ |
| १८ | नवदिपक आ.वि. गैराकोट | २५ | २० | ४५ | ९ |
| १९ | मंगलाशैनी मा.वि. खिरचौका | २०२ | १८८ | ३९० | ८ |
| २० | जनजागरण आ.बि. सितला | ७५ | ५२ | १२७ | ९ |
| २१ | रुपादेवी आ.बि. बसन्तपुर | ३७ | ३८ | ७५ | ८ |
| २२ | बालममता आ.वि. मष्टामाण्डु | २० | २३ | ४३ | ८ |
| २३ | जनप्रिय आ.वि. निरागलमाडु | ५६ | ६४ | १२० | ८ |
| २४ | जनचेतना आ.बि. टाटरुख | १६ | ७ | २३ | ८ |
| २५ | रुपादेवी आ.बि. चौथा | ३१ | २९ | ६० | ९ |
| २६ | जनजागृति आ.वि. भाटगाउँ | ३१ | ४८ | ७९ | ४ |
| २७ | जनउथ्थान आ.वि. चिनाडी | २० | २८ | ४८ | ९ |
| २८ | शान्ती मा.वि. रातीमाटी | २२२ | २३६ | ४५८ | ६ |
| २९ | जनता आ.वि. दुदुल्ली | ५२ | ५७ | १०९ | ७ |
| ३० | जनज्योती आ.वि. सिपकोट | १६ | २० | ३६ | ७ |
| ३१ | रुपादेवी मा.वि. उच्छव | १८३ | २३८ | ४२१ | ७ |
| ३२ | रामारोशन आ.वि. माल्कोट | ४४ | २५ | ६९ | ६ |
| ३३ | ने.रा. आ.वि. राइटा | २७ | १५ | ४२ | ६ |
| ३४ | शान्ती आ.वि. धाँचुकोट | ३२ | १६ | ४८ | ७ |



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

| सि.नं. | विद्यालयको नाम | जम्मा छात्रा | जम्मा छात्र | जम्मा विद्यार्थी संख्या | वार्ड न. |
|---|---|---|---|---|---|
| ३५ | नन्दादेवी मा.वि. सेरापाटा | २५२ | २१२ | ४६४ | ६ |
| ३६ | जनता मा.वि. रुप्सा | १२८ | १४७ | ४७५ | ५ |
| ३७ | शान्ती आ.वि. सल्लेरी | २० | १८ | ३८ | ४ |
| ३८ | महादेव आ.वि. खलापाटा | ३३ | २३ | ५६ | ५ |
| ३९ | जनजागृति आ.वि. लुमा | ५० | ६४ | ११४ | ५ |
| ४० | शिशुकल्याण आ.बि. रामपानी | १०१ | ८३ | १८४ | ५ |
| ४१ | दिपेन्द्र मा.वि. भाटगाउँ | १२१ | ९९ | २२० | ४ |
| ४२ | बालकल्याण आ.वि. पैनेरा | २७ | २६ | ५३ | ५ |
| ४३ | नन्दादेवी आ.वि. खातीरुप्सा | १२७ | ११२ | २३९ | ५ |
| ४४ | रामचन्द्र आ.वि. अदेला | ६४ | ९१ | १५५ | ४ |
| ४५ | प्रगतीशिल आ.वि. गडिगाउँ | १८ | २० | ३८ | ९ |
| ४६ | सरस्वती आ.वि. खुलालु | ५९ | ५९ | ११८ | ८ |
| ४७ | महादेव आ.वि. तागडा | १३ | १३ | २६ | ४ |
| ४८ | चन्द्र सुर्य आवि लिमा | १४ | १२ | २६ | ४ |
| ४९ | विन्ध्यावासी वालविकास केन्द्र | १५ | १० | २५ | ९ |
| ५० | जनज्योति वालविकास केन्द्र लालु | १६ | २० | ३६ | ९ |
| ५१ | जनज्योति वालविकास केन्द्र बाँगा | १५ | १६ | ३१ | ७ |
| ५२ | सहिदस्मृति वालविकास केन्द्र डाडागाउँ, मालकोट | १३ | ११ | २४ | ६ |
| ५३ | Modern Model Residential School, Thatikot, Lalu | ११८ | १८८ | ३०६ | ८ |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर सिंह

## ६. कृषि विकास क्षेत्र

नरहरिनाथ गाउँपालिका, कालीकोट, नेपालको कर्णाली प्रदेशको ग्रामीण क्षेत्र हो, जहाँ कृषि मुख्य जीविकाको स्रोत हो। यो क्षेत्र नेपालको हिमाली भेगमा पर्दछ र यहाँको कृषि प्रणाली भौगोलिक विषमता, मौसमीय अस्थिरता, र पूँजी तथा प्रविधिको सीमित पहुँचले प्रभावित छ। यहाँको कृषि क्षेत्रले नेपालको अन्य उच्च पहाडी तथा हिमाली क्षेत्रका चुनौतीहरू र सम्भावनाहरूलाई समेटेको देखिन्छ। कृषि शाखामा हालसम्म दर्ता भएका कृषि समूह र फर्म गरि जम्मा १८४ वटा रहेका छन् । गाउँपालिकाभित्र करिब १,४०० हेक्टर कृषि योग्य जमिन रहेको छ, जसमा मुख्य रूपमा मकै, गहुँ, जौ, कोदो र फापर जस्ता परम्परागत अन्न बालीहरू खेती गरिन्छ। यी बालीहरू यहाँका किसानहरूको खाद्य सुरक्षाको मेरुदण्ड हुन्। साथै, नगदे बालीको रूपमा आलु, स्याउ र ओखर, अलैची, किबी, सुन्तला, कागती, केरा, टिमुर र सिमि, भटमास र खेती गरिन्छ, जसले कृषकहरूको आम्दानीमा सकारात्मक असर पारेको छ। पशुपालन पनि स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्ग हो। तर, यी सम्पदाहरूको भरपूर उपयोग गर्न किसानहरूले अनेकौं चुनौतीको सामना गर्नु परेको छ। जलवायु परिवर्तनको असर जस्तै अनियमित वर्षा, असिनापात, र सुख्खा अवधिको लम्बिनुले बालीको उत्पादनमा असर पुर्‍याइरहेको छ। सिंचाईको दृष्टिले, कुल खेतीयोग्य जमिनमध्ये मात्र २५% क्षेत्रमा मात्र भरपर्दो सिंचाई व्यवस्था रहेको छ, जुन उत्पादनमा ठूलो अवरोध बन्न पुगेको छ। अझै पनि अधिकांश किसानहरू परम्परागत कृषि पद्धतिमा निर्भर छन्, जसमा वैज्ञानिक ज्ञान तथा प्रविधिको प्रयोग न्यून छ। यी चुनौतीहरूको सामना गर्न गाउँपालिकाको कृषि तथा पशुपालन शाखाले विभिन्न सहयोग कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ। हालसम्म, प्रत्येक वर्ष ५०० भन्दा बढी घरधुरीमा बीउ र मल वितरण गरिन्छ, जसले कृषकलाई गुणस्तरीय कृषि सामाग्री सुलभ गराउँछ। साथै, पशु टीकाकरण अभियानहरू नियमित रूपमा सञ्चालन गरी पशुहरूमा देखिने रोगहरूको न्यूनीकरण गरिँदै आएको छ। माटो कटान र जमिनको क्षय रोक्न, टेरेस प्रणालीको खेती प्रवर्द्धन गर्न तालिम तथा प्राविधिक सहयोग उपलब्ध गराइएको छ। भविष्यका योजनामा, गाउँपालिकाले कृषि प्रणालीलाई व्यावसायिक र जलवायु प्रतिरोधी बनाउन महत्व दिने योजना बनाएको छ। ग्रीनहाउस प्रविधिमार्फत अफ-सिजन तरकारी उत्पादनमा जोड दिइएको छ, जसले वर्षभरिको आम्दानी सुनिश्चित गर्न सक्दछ। यसैगरी, स्याउ बगैंचाको विस्तार गरी त्यसलाई सहकारी प्रणालीमा जोडेर स्थानीय बजार तथा जिल्ला बाहिरका बजारसम्म आपूर्ति प्रणाली विस्तार गर्ने लक्ष्य लिइएको छ। त्यस्तै, जैविक खेतीको प्रमाणीकरण र प्रवर्द्धन गरिनेछ, जसले उत्पादकत्वसँगै बजार मूल्यमा समेत सुधार ल्याउनेछ। यी सबै प्रयासहरूको अन्तिम उद्देश्य भनेको स्थानीय बासिन्दाको खाद्य सुरक्षा सुदृढ गर्नु, आजीविकाका विविध स्रोतहरू निर्माण गर्नु, र जलवायु परिघटनाको प्रतिरोधात्मक क्षमता बढाउनु हो। स्थानीय संस्थाहरूद्वारा सञ्चालन गरिएका कृषिसम्बन्धी परियोजना र किसान समूहहरूसँग सहकार्य गरेर, गाउँपालिकाले दिगो कृषि विकासको



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

बाटोमा ठोस पाइला चालिरहेको छ। यस हिमाली क्षेत्रको चुनौतीपूर्ण भूगोल र सीमित स्रोत साधनका बाबजुद पनि, नरहरिनाथ गाउँपालिकाको कृषि क्षेत्रमा देखिएको सकरात्मक प्रयास र सम्भावनाले भविष्यमा यो क्षेत्र आत्मनिर्भर र समृद्ध बन्ने दिशामा अग्रसर रहेको स्पष्ट देखिन्छ।

## ६.१ गाँउपालिकामा हुने प्रमुख खाद्यान्न बालिहरुको विवरण

| क. स. | प्रमुख बालिहरु | वडाहरु |
|---|---|---|
| १ | मकै, गहुँ, जौ, फापर, भटमास, कोदो, धान | सबै वडाहरुमा |
| ५ | आलु, | वडा ३, ४, ५, ७, ८ |
| ६ | स्याउ , ओखर | वडा १, ३, ४, ५, ७ (उच्च पहाडी क्षेत्र) |
| ७ | सिमि, केराउ | वडा ४, ५, ७, ८ |
| ८ | तोरी, सूर्यमुखी | वडा १, २, ७ |
| ९ | काउली, गोभी, टमाटर | वडा ३, ८, ६ |

## ६.२ पोषणयुक्त रैथाने खाद्यान्न बालिहरुको विवरण

नेपालको कर्णाली प्रदेश अन्तर्गत पर्ने कालीकोट जिल्लाको उच्च हिमाली भेगमा अवस्थित नरहरिनाथ गाउँपालिका, भौगोलिक हिसाबले विकट भए पनि जैविक विविधतामा निकै सम्पन्न मानिन्छ। यस क्षेत्रको प्राकृतिक र जलवायु अनुकूलताले यहाँ परम्परादेखि नै उत्पादन हुँदै आएका विभिन्न रैथाने पोषणयुक्त बालीहरूलाई जीवित राखेको छ। यस्ता बालीहरू न केवल स्थानीय खानपानको अभिन्न अङ्ग हुन्, तर उनीहरूले स्थानीय समुदायको पोषण सुरक्षामा समेत महत्वपूर्ण योगदान पुर्‍याउँदै आएका छन्। विशेषगरी, खाद्य असुरक्षाको उच्च जोखिम भएका हिमाली भेगहरूमा यस्ता बालीहरूको संरक्षण र प्रवर्द्धन अत्यन्तै आवश्यक छ। नरहरिनाथ गाउँपालिकामा उत्पादन हुने प्रमुख पोषणयुक्त रैथाने बालीहरूमा फापर, जौ, कागुनो, गहत, भटमास, सिस्नु, छ्याऊ (मसरुम), अखरोट र लिसी (सिबकथर्न) जस्ता उपजहरू उल्लेखनीय छन्। फापर एक बहुउपयोगी बाली हो, जसमा उच्च मात्रामा प्रोटीन, फाइबर, र रुटिन नामक यौगिक पाइन्छ, जुन रक्तचाप नियन्त्रण, हृदय स्वास्थ्य सुधार र एन्टिअक्सिडन्ट आपूर्तिका लागि उपयोगी मानिन्छ। जौ, अर्को परम्परागत



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर शाह
अध्यक्ष

अन्न बाली, सेलेनियम, भिटामिन–बी समूह, र उच्च फाइबरको स्रोत हो, जसले पाचन प्रणाली सुधार गर्न, मधुमेह नियन्त्रण गर्न, तथा पेटसम्बन्धी समस्याहरू घटाउन सहयोग गर्दछ। यस्तै, कागुनो जस्तो कम चिनिने तर अति पोषणयुक्त बालीमा क्याल्सियम, आयरन, तथा एन्टिअक्सिडन्ट भरपूर पाइन्छ, जुन हड्डी मजबुती, रगत निर्माण, तथा रोग प्रतिरोधात्मक क्षमता वृद्धिमा योगदान पुर्‍याउँछ। पोषणको दृष्टिकोणले दलहन बालीहरूको भूमिकालाई पनि बेवास्ता गर्न सकिँदैन। नरहरिनाथमा उत्पादन हुने गहत र भटमास प्रोटीन र आयरनको भरपूर स्रोत हुन्। यी बालीहरूले स्थानीय जनतामा प्रोटीनको आपूर्ति गर्दै बालबालिका, सुत्केरी महिला, र किशोरीहरूमा देखिने कुपोषण घटाउन सक्ने सम्भावना बोकेका छन्। त्यस्तै, सिस्नु जस्तो सागमा आयरन, भिटामिन-ए, र क्याल्सियम पाइन्छ, जसले पोषणीय आवश्यकताको पूर्ति मात्र होइन, सस्तो तथा सुलभ खाना पनि प्रदान गर्छ। छ्याउ (मसरुम) पनि जंगल र खेतबारी वरपर पाइने प्राकृतिक स्रोत हो, जसमा भिटामिन-डी, प्रोटीन र फाइबर पाइन्छ, र यो मांसाहारी विकल्पको अभावमा पोषणको राम्रो स्रोत बन्ने क्षमता राख्छ। फलफूलको सन्दर्भमा, नरहरिनाथमा उत्पादन हुने अखरोट र लिसी (सिबकथर्न) विशेष रुपमा उल्लेख गर्न योग्य छन्। अखरोट ओमेगा–३ फ्याटी एसिड, प्रोटीन र एन्टिअक्सिडन्टको उत्कृष्ट स्रोत हो, जुन मस्तिष्क स्वास्थ्य र हृदयसम्बन्धी समस्याहरूमा लाभदायक हुन्छ। त्यस्तै, लिसी जस्तो बालीमा भिटामिन–सी, एन्टिअक्सिडन्ट र अन्य खनिजहरू पाइन्छन्, जसले प्रतिरोधात्मक क्षमतामा वृद्धि गर्दछ र उच्च बजार मूल्य समेत राख्दछ। यस्ता फलफूल तथा बालीहरू नगदे आम्दानी र स्थानीय पोषण सुधार दुवैका दृष्टिले अत्यन्त महत्त्वपूर्ण छन्। यद्यपि, यी बहुमूल्य बालीहरू हाल विभिन्न चुनौतीहरूको चपेटामा परेका छन्। जलवायु परिवर्तन, विशेष गरी असमय वर्षा, लामो खडेरी, र असिनाको प्रकोपले बालीहरूको उत्पादनमा नकारात्मक असर पुर्‍याइरहेको छ। सिंचाइको अभाव, उपयुक्त भण्डारणको कमी, तथा सीमित बजार पहुँचले किसानहरूलाई रैथाने बाली उत्पादन गर्न निरुत्साहित बनाइरहेको छ। थप रूपमा, पश्चिमी जीवनशैलीको प्रभाव, विशेष गरी युवाहरूमा देखिने प्याकेट खाद्यपदार्थप्रतिको आकर्षण, र पोषणसम्बन्धी ज्ञानको कमीले परम्परागत खानपानको अभ्यास घट्दै गएको देखिन्छ। यी चुनौतीहरूको समाधानका लागि नरहरिनाथ गाउँपालिकाले सामुदायिक बीउ बैंकको स्थापना, जैविक खेती प्रवर्द्धन, र स्थानीय विद्यालयमा पोषण तथा रैथाने बालीको शिक्षा समावेश गर्ने कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। सामुदायिक बीउ बैंकहरूले स्थानीय जातहरूको संरक्षण मात्र होइन, बीउको उपलब्धता र आदान–प्रदानलाई समेत सुनिश्चित गर्छन्। जैविक खेतीले वातावरणमैत्री उत्पादन प्रणालीको विकाससँगै उत्पादनमा गुणस्तर र बजार मूल्यमा वृद्धि ल्याउन सक्नेछ। यस्तै, स्थानीय पोषण शिक्षालाई विद्यालय तहमै समावेश गरिनुले नयाँ पुस्तामा रैथाने बालीप्रतिको चेतना र सम्मान अभिवृद्धि गर्ने विश्वास गरिएको छ। अन्ततः, नरहरिनाथ गाउँपालिकाको यस्ता पहलहरूले स्थानीय खाद्य प्रणालीको सुदृढीकरण, पोषण सुरक्षाको सुधार, तथा स्थानीय जीविकोपार्जनमा दीर्घकालीन



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

स्थायित्व ल्याउन सक्ने ठूलो सम्भावना बोकेको देखिन्छ। यी बालीहरू केवल खानाको स्रोत होइनन्, तिनीहरू हाम्रो सांस्कृतिक पहिचान, परम्परागत ज्ञान र जीविकाको मेरुदण्ड पनि हुन्। तसर्थ, यिनीहरूको संरक्षण र प्रवर्द्धन गर्न सामूहिक प्रयास अत्यावश्यक छ।

## ६.३ कृषि क्षेत्रको बर्तमान अवस्थाः

नरहरिनाथ गाउँपालिकामा कृषि प्रमुख आर्थिक क्रियाकलाप हो। यहाँका अधिकांश घरपरिवारहरु परम्परागत खेती प्राणालीमा आधारित छन्। यहाँको भौगोलिक स्वरूप, सिचाई सुविधाको अभाव र सिमित कृषियोग्य जमिनका कारण उत्पादनमा बिबिध चुनौतिहरु देखिन्छन।

### ६.३.१ कृषियोग्य जमिनः

गाउँपालिकाको कुल क्षेत्रफलमध्ये करिब ३५% जमिन कृषियोग्य छ। अधिकतम क्षेत्र वर्षामा भर पर्ने बाली प्राणालीमा आधारित छन्। सिंचाई सुबिधा अभावले गर्दा बाली विविधिकरणमा समस्या देखिएको छ।

### ६.३.२ बालीको किसिम

मुख्य बालीहरुमा मकै, गहुँ, कोदो, आलु, फापर, भटमास, सिमि आदि लगायतका बालीहरु पाइन्छन। व्यावसायिक रुपमा तरकारी तथा फलफुल खेतीको सुरुवात भएको देखिन्छ।

## ६.४ प्रमुख बालीको उत्पादन विवरणः

नरहरिनाथ गाउँपालिकाको कृषि क्षेत्र खाद्यान्न, तरकारी र फलफुल उत्पादनमा सिमित भएपनि जीवनयापन अत्यन्त महत्वपुर्ण छ। परम्परागत खेति प्राणाली, सिमित सिंचाई सुविधा, उन्नत बीउको अभाव र बजार समस्याका कारण उत्पादन सन्तोषजनक छैन। तर स्थानीय स्रोत र कृषि सम्भावनालाई प्रभावकारी रुपमा परिचालन गर्न सके उत्पादन बृद्दि सम्भव देखिन्छ।

### ६.४.१ मुख्य खाद्यान्न बालीहरु

नरहरिनाथ गाउँपालिकामा लगाइने प्रमुख खाद्यान्न बालीहरु मकै, गहुँ, कोदो, फापर, धान आदी हुन्। यी बालीहरुको उत्पादन निम्नानुसार छ।



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

**खाद्यान्न बालीहरुको उत्पादन विवरणः**

| क्र.स. | बाली | खेति गरिएको क्षेत्रफल (हेक्टर) | उत्पादन (मेट्रिक टन) | उत्पादकत्व (□.□./□□□□□□□) |
|---|---|---|---|---|
| १. | मकै | २००० | ४४०० | २.२ |
| २. | गहुँ | १५०० | २२५० | १.५ |
| ३. | जौ | ४०० | ६८० | १.७ |
| ४. | धान | ३०० | ५४० | १.८ |
| ५. | भटमास | १०० | १४० | १.४ |
| ६. | कोदो | ३०० | ३०० | १ |
| ७. | फापर | २०० | १२० | १.२ |

६.४.२ तरकारी र फलफुल उत्पादनः

तरकारी तथा फलफुल उत्पादन अझै घरेलु सानो व्यवसायिक स्तरमै सिमित छ। बजार, प्राविधिक सहयोग र पूर्वाधार अभावका कारण ठुला मात्रामा व्यवसायिक उत्पादन हुन सकेको छैन।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

**तरकारी र फलफूल उत्पादन विवरणः**

| क्र.स. | तरकारी तथा फलफूल बाली | खेति गरिएको क्षेत्रफल (हेक्टर) | उत्पादन (मेट्रिक टन) | उत्पादकत्व (□.□./□□□□□□) |
|---|---|---|---|---|
| १. | आलु | ४०० | ४३६० | १०.९ |
| २. | गोलभेडा | १०० | १२८० | १२.८ |
| ३. | काक्रा | २०० | ३१४० | १५.७ |
| ४. | काउली | ५० | ५१५ | १०.३ |
| ५. | बन्दा | ८० | १००० | १२.५ |
| ६. | सिमि | २०० | १४०० | १.४ |
| ७. | मुला | ३० | ३९६ | १३.२ |
| ८. | स्याउ | १०० | ९३०० | ९.३ |
| ९. | ओखर | ३० | २५५ | ८.५ |
| १०. | सुन्तला | ३५ | ३१२ | ८.९ |
| ११. | आरुवखडा | १० | १०५ | १०.५ |
| १२. | किबी | २० | १९४ | ९.७ |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष



CamScanner

## ७. महिला तथा बालबालिका क्षेत्र

नरहरिनाथ गाउँपालिका, कालीकोट नेपालको एक दुर्गम हिमाली क्षेत्र हो, जहाँ सामाजिक संरचना, भौगोलिक चुनौती र आर्थिक सीमितताले गर्दा महिला तथा बालबालिकाको अवस्था विशेष रूपले संवेदनशील देखिन्छ। यस क्षेत्रका महिलाहरूको जीवनशैली परम्परागत भूमिकामा सीमित रहेको पाइन्छ उनीहरू मुख्यतः कृषि, पशुपालन र घरायसी कामकाजमा व्यस्त रहने गरेका छन्। खाद्य उत्पादनदेखि घरको व्यवस्थासम्म महिलाको योगदान महत्वपूर्ण भए पनि उनीहरूको आर्थिक निर्णयमा सहभागिता, शिक्षा र स्वास्थ्य सुविधामा पहुँच सीमित छ। गाउँपालिकाको तथ्याङ्क अनुसार, महिलाको साक्षरता दर ६९.१% रहेको छ, जुन पुरुषको तुलनामा उल्लेखनीय रूपमा कम हो। यो असमानताले महिलाहरूको रोजगारीका अवसर, जानकारीको पहुँच, तथा सामाजिक सहभागितामा बाधा पुर्याइरहेको छ। किशोरी तथा युवा महिलाहरू अझ बढी जोखिममा छन्, किनभने उनीहरू शिक्षा अधुरै छोड्ने, किशोर अवस्थामै विवाह गर्ने, वा घरेलु दायित्वका कारण अवसर गुमाउने अवस्थामा पर्ने गरेका छन्। साथै, महिनावारी व्यवस्थापन, प्रजनन स्वास्थ्य, तथा पोषणसम्बन्धी समस्याहरू पनि किशोरीहरूमाझ व्यापक छन्, जुन उनीहरूको दीर्घकालीन स्वास्थ्य र विकासमा नकारात्मक असर पुर्याउँछ। त्यसैगरी, बालबालिकाको अवस्था पनि चिन्ताजनक छ। शिक्षा, स्वास्थ्य, तथा सुरक्षाको क्षेत्रहरूमा अझै पनि गंभीर चुनौतीहरू विद्यमान छन्। बालबालिकामध्ये केहीलाई विद्यालय जानुको साटो बालश्रममा संलग्न हुनुपर्ने अवस्था आउँछ, खासगरी गरिबी, आमाबाबु विदेशमा रहेको वा घरको श्रमभार धेरै भएको कारण। त्यस्तै, बालविवाह पनि एक प्रमुख समस्या हो, जसले बालबालिकाको भविष्य र अधिकारमा प्रत्यक्ष असर गर्छ। अझै पनि केही समुदायमा लैंगिक असमानता गहिरो रूपमा जरा गाडेर बसेको छ, जसले छोरीहरूलाई कम महत्व दिइन्छ, र शिक्षाबाट बञ्चित गरिन्छ।

यी चुनौतीहरूको समाधान गर्न नरहरिनाथ गाउँपालिकाले केही महत्वपूर्ण पहलहरू अगाडि सारेको छ। महिला सशक्तिकरणका लागि महिला साक्षरता कार्यक्रमहरू, जसले पुनःशिक्षा र आधारभूत सीप विकासमा जोड दिन्छ, सञ्चालनमा छन्। किशोरीहरूका लागि स्वास्थ्य शिविरहरू, जसमा महिनावारी स्वच्छता, पोषण, तथा मानसिक स्वास्थ्यका विषयमा जानकारी दिइन्छ, नियमितरूपमा आयोजना हुने गरेका छन्। साथै, बाल संरक्षण समितिहरूको गठन गरी विद्यालय, अभिभावक र समुदायबीच सहकार्यको वातावरण बनाइएको छ। आयमूलक सीपमूलक तालिमहरू, जस्तै सिलाइ-कटाइ, पशुपालन, तरकारी खेती आदिको माध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने प्रयास गरिएको छ।

यद्यपि, यी प्रयासहरू प्रशंसनीय भए तापनि, वास्तविक परिवर्तन ल्याउन अझै धेरै गर्न बाँकी छ। सामाजिक चेतना अभिवृद्धि, विशेष गरी लैंगिक समानतासम्बन्धी ज्ञान समुदाय तहमा विस्तार गर्न आवश्यक छ। त्यस्तै, आर्थिक अवसरको सिर्जना र स्थानीय तहमै रोजगारी विकास गर्न नसकिंदासम्म महिलाको आर्थिक सशक्तिकरण सम्भव छैन। शैक्षिक पहुँच अझै पनि टाढाटाढा बस्तीका बालबालिका र किशोरीहरूका लागि चुनौती हो, जुन सुलभ विद्यालय, छात्रावास वा छात्रवृत्तिका माध्यमबाट सम्बोधन गर्न सकिन्छ।



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

अन्ततः, महिला तथा बालबालिकाको समग्र सशक्तिकरणका लागि स्थानीय सरकार, गैरसरकारी संस्थाहरू, तथा समुदायबीचको समन्वय आवश्यक छ। दीर्घकालीन परिवर्तन ल्याउन समुदायभित्रैदेखि चेतना, सहभागिता र स्वामित्व विकास गर्नु अत्यावश्यक हुन्छ। नरहरिनाथ गाउँपालिकाले यस्ता समावेशी, उत्तरदायी र व्यवहारिक कार्यक्रमहरू निरन्तर अघि बढाउँदै लैजान सकेमा, यो क्षेत्रका महिला तथा बालबालिकाहरूको जीवनस्तरमा सार्थक सुधार ल्याउन सकिनेछ।

## ७.१ महिला सहकारी तथा समुहको विवरण

| सि. नं. | सहकारी संस्थाको नाम | वडा नं. | जम्मा सेयर सदस्य संख्या | बचत | लगानी |
|---|---|---|---|---|---|
| १. | नन्दादेबी महिला बिकास सहकारी स. लि. | १ | ४५ | ११७००० | १,६७००० |
| २. | नरहरिनाथ बहुउद्देश्यीय सहकारी सं. लि | ४ | १५० | १३७८२० | १२२९०० |
| ३. | सरस्वती महिला बिकास बचत तथा ऋण सहकारी सं. लि. | ३ | ५४० | १६,००,००० | २१,५०,००० |
| ४. | जनकल्याण बहुउद्देश्यीय सहकारी सं.लि | ३ | ३९६ | ४,७२,६१७ | १६,००,००० |
| ५. | कर्णाली कृषि सहकारी सं. लि | ६ | ३६१ | ३८३,०५५ | ७६,८१७ |
| ६. | चेतनशील महिला बिकास बचत तथा ऋण सहकारी सं. लि | ६ | ११० | ६९५,३५८ | १९,५९,३५७ |
| ७. | टोप्रा कृषि सहकारी सं.लि | ५ | २५० | २५,००० | १५०,००० |
| ८. | मिलिजुली महिला बिकास बचत तथा ऋण सहकारी सं. लि | ९ | ३६३ | - | - |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

## ७.२ महिला समुहहरुको विवरण

| सि.न. | वडा को नाम | समुह/संस्था संख्या | जम्मा सदस्य संख्या | बचत |
|---|---|---|---|---|
| १. | वडा नं. १ | ४ समूह | २९ | - |
| २. | वडा नं. २ | सहकारी संस्था | सस्था दर्ता भएको | - |
| ३. | वडा नं. ३ | सहकारी संस्था | संस्था दर्ता भएको | - |
| ४. | वडा नं. ४ | सहकारी संस्था | संस्था दर्ता भएर हाल निष्क्रिय अवस्थामा | - |
| ५. | वडा नं. ५ | सहकारी संस्था | संस्था दर्ता भएर हाल निष्क्रिय अवस्थामा | - |
| ६. | वडा नं. ६ | सहकारी संस्था | संस्था दर्ता भएर हाल निष्क्रिय अवस्थामा | - |
| ७. | वडा नं. ७ | सहकारी संस्था | संस्था दर्ता भएर हाल निष्क्रिय अवस्थामा | - |
| ८. | वडा नं. ८ | सहकारी संस्था | संस्था दर्ता भएको | - |
| ९. | वडा नं. ९ | सहकारी संस्था | संस्था दर्ता भएको | - |

**स्रोतः महिला, बालबालिका तथा समाजकल्याण इकाई**

## ७.३ पालिका तथा वडा स्तरिय बाल क्लबको विवरणः

| सि.न. | वडाको नाम | बाल क्लबको नाम | बालक | बालिका | दलित बालक | दलित बालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | वडा नं. १ | वडा स्तरीय बाल क्लब | ७ | १४ | ० | २ | २१ |
| २ | वडा नं. २ | कोपिला बाल क्लब | १३ | १७ | ५ | ११ | ३० |
| ३ | वडा नं. ३ | कालाशिल्ला बालक्लब | ९ | १७ | ० | ४ | २६ |
| ४ | वडा नं. ४ | वडा स्तरीय बाल क्लब | १८ | १२ | ० | ० | ३० |
| ५ | वडा नं. ५ | वडा स्तरीय बाल क्लब | १५ | १३ | ० | ० | २८ |
| ६ | वडा नं. ६ | वडा स्तरीय बाल क्लब | १२ | १७ | ८ | १० | २९ |
| ७ | वडा नं. ७ | हरियाली बाल क्लब | १३ | १६ | ६ | ४ | २९ |
| ८ | वडा नं. ८ | वडा स्तरीय बाल क्लब | १२ | १५ | १ | १ | २७ |
| ९. | वडा नं. ९ | वडा स्तरीय बाल क्लब | ११ | ४ | ३ | ३ | १५ |
| १०. | गाउँपालिका | प्रगतिशील बालक्लब (पालिका) | १२ | १७ | ४ | ५ | २९ |

**स्रोतः महिला, बालबालिका तथा समाजकल्याण इकाई**

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

## ८. खानेपानी तथा सरसफाई क्षेत्र

नरहरिनाथ गाउँपालिका, कालीकोटको खानेपानी र सरसफाईको अवस्था अहिलेसम्म पनि चुनौतीपूर्ण रहेको छ। यस क्षेत्रका धेरै बासिन्दाहरूले निरन्तर स्वच्छ पानीको अभाव, खराब सरसफाई व्यवस्था र स्वास्थ्यसम्बन्धी समस्याहरू झेल्न बाध्य छन्। गाउँपालिकाको लगभग ६० प्रतिशत घरधुरीमा मात्र निरन्तर पानीको पूर्ति पुगेको छ। यसले गर्दा विशेष गरी गर्मीयाममा पानीको अभाव, पानीको खराब गुणस्तर (आर्सेनिक, फिटकिरी, मलिनतासमेत) र जलजन्य रोगहरूको प्रकोप बढेको छ। पानीको अभावले गर्दा महिला तथा बालबालिकाहरूले घरबाट टाढा रहेका स्रोतहरूबाट पानी ओसारपसार गर्न बाध्य हुन्छन्, जसले उनीहरूको दैनिक जीवनयापनमा अतिरिक्त समय र श्रम खर्च गर्नुपर्छ। यसले विद्यार्थीहरूको शिक्षामा असर पार्ने, महिलाहरूको आर्थिक सशक्तिकरणमा बाधा उत्पन्न गर्ने र सामुदायिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने गरेको छ। यद्यपि गाउँपालिकाले नयाँ जलधारा निर्माण, पानी टयांकी स्थापना जस्ता प्रयासहरू गरेको छ, तर केहि क्षेत्रहरूमा यी सेवाहरू पुग्न सकेका छैनन्। सरसफाईको क्षेत्रमा नरहरिनाथ गाउँपालिकाको अवस्था सुधार भए तापनि धेरै चुनौतीहरू अझै पनि रहेका छन्। गाउँपालिकाको लगभग घरधुरीमा शौचालय उपलब्ध भए पनि धेरै जसो शौचालयहरू अस्वच्छ र अनियमित रूपमा प्रयोग हुँदै आएका छन्। केही ठाउँहरूमा अहिले पनि जथाभाबी दिशापिसा गर्ने चलन रहेको छ, जसले गर्दा सामुदायिक स्वास्थ्यमा गम्भीर जोखिम उत्पन्न भएको छ। रोगहरू जस्तै झाडापखाला, हैजा, आउँ, टाइफाइड जस्ता संक्रामक रोगहरू फैलिने खतरा बढेको छ।

फोहोर व्यवस्थापन पनि यस क्षेत्रको अर्को प्रमुख समस्या हो। अधिकांश घरहरूमा कचरा खुलेर फ्याँकिने वा जंगलमा फ्याँकिने गरिन्छ, जसले वातावरण प्रदूषण, माटोको गुणस्तरमा कमी र साना जनावरहरूको स्वास्थ्यमा असर पार्छ। यसले गर्दा मानिसहरूमा पेट दुखाई, चर्मरोग, र अन्य स्वास्थ्य समस्याहरू बढिरहेका छन्। यद्यपि गाउँपालिकाले "खुला दिसामुक्त" (ODF) अभियान, स्वच्छता कार्यक्रम र जनचेतना अभियानहरू सञ्चालन गरेको छ, तर अझै पनि व्यवहार परिवर्तन र सुविधाको पहुँचमा कमी रहेको छ। यी समस्याहरूको समाधानका लागि नरहरिनाथ गाउँपालिकाले विभिन्न रणनीतिहरू अवलम्बन गर्नुपर्छ। पानीको समस्या समाधान गर्न स्थायी जलस्रोतहरूको विकास, वर्षायामको पानी संचय गर्ने प्रणाली (रेनवाटर हार्वेस्टिंग), र पानी शुद्धीकरण प्रविधिको प्रयोग गर्नुपर्छ। साथै, सामुदायिक सहभागिता बढाएर सिंचाई तथा पेयजल परियोजनाहरू सञ्चालन गर्नुपर्छ। सरसफाईको क्षेत्रमा शौचालय निर्माणलाई बढावा दिने, स्वच्छता किट वितरण गर्ने र फोहोर व्यवस्थापनका लागि कम्पोस्ट पिट र कचरा प्रशोधन केन्द्रहरू स्थापना गर्नुपर्छ। स्थानीय स्कूलहरूमा स्वच्छता शिक्षा कार्यक्रम चलाएर बालबालिकाबाटै स्वच्छताको संस्कार ल्याउन सकिन्छ। अन्तमा, सरकार,




बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत


नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

गैरसरकारी संस्था र स्थानीय समुदायको सहकार्य आवश्यक छ। यदि यी प्रयासहरू समन्वित रूपमा कार्यान्वयन गरियो भने, नरहरिनाथ गाउँपालिका आगामी वर्षहरूमा स्वच्छ पानी र उत्तम सरसफाईको अभियानमा अग्रसर हुन सक्नेछ।

## ८.१ शौचालय सुविधाको प्रकार अनुसार घरपरिवारहरू




## ८.२ कुल शौचालय संख्याका आधारमा घरपरिवार







बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

## ८.३ पिउने पानीको मुख्य स्रोत अनुसार घरपरिवार




National census 2078

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

## ९. पशुसेवा क्षेत्र

नरहरिनाथ गाउँपालिका, कालीकोटको पशुसेवा क्षेत्र स्थानीय कृषि अर्थतन्त्र र आजीविकाको एक महत्त्वपूर्ण आधार हो। यस गाउँपालिकामा मुख्यतया भेडा र बाखा (१४६२५ भन्दा बढि), गाईगोरु (६,००० भन्दा बढि), भैसी (७२००० भन्दा बढि), र कुखुरा (१२,००० भन्दा बढि) पालन गरिन्छ, जुन साना तथा सीमान्त किसानहरूको प्रमुख आय स्रोत हो। पशुपालनले यहाँका कृषकहरूलाई न केवल दुध, मासु, र अण्डा जस्ता पोषणयुक्त खाद्यपदार्थ उपलब्ध गराउँछ, तर यसले उनीहरूको आर्थिक स्थिरतामा पनि महत्त्वपूर्ण योगदान पुर्याउँछ। विशेष गरी महिला तथा सामाजिक रूपमा पछि परेका समुदायहरूका लागि पशुपालन नै उनीहरूको रोजगारीको प्रमुख साधन हो।

तथापि, यस क्षेत्रमा धेरै चुनौतीहरू छन् जसले पशुपालनको विकासमा बाधा उत्पन्न गरेका छन्। पशुचिकित्सा सेवाको अभाव, नियमित टीकाकरणको कमी, र पशु आहारको समस्याले गर्दा पशुहरूमा रोगको प्रकोप बढेको छ। गाउँपालिकाका धेरै ठाउँमा पशु स्वास्थ्य सेवा पुग्न सकेको छैन, जसले गर्दा किसानहरूलाई पशुहरूको उपचारका लागि धेरै टाढा जानुपर्छ। यसले पशुहरूको मृत्युदर बढाउनुका साथै किसानहरूको आर्थिक हानि पनि हुँदै आएको छ।

यी समस्याहरूको समाधानका लागि नरहरिनाथ गाउँपालिकाले विभिन्न पशुसेवा कार्यक्रमहरू सञ्चालन गरेको छ। गाउँपालिकाले वर्षमा दुई पटक निशुल्क पशु स्वास्थ्य शिविरहरू आयोजना गरी पशुहरूको नियमित जाँच र उपचार गरिदै आएको छ। यसका साथै खुरपका, गलघोटु जस्ता संक्रामक रोगहरूबाट बच्न टीकाकरण अभियान पनि चलाइएको छ। दुधालु पशुहरूको उत्पादन क्षमता बढाउन कृत्रिम गर्भाधान सेवा पनि उपलब्ध गराइएको छ भने पशुपालकहरूलाई आधुनिक पशुपालन तालिमहरू दिई उनीहरूको क्षमता अभिवृद्धि गरिएको छ। तर, अझै पनि धेरै चुनौतीहरू अवशेष छन्। पशुसेवा पुग्न नसक्नु, पशु आहारको अभाव, र योग्य पशुचिकित्सक तथा जनशक्तिको कमी यस क्षेत्रका प्रमुख समस्याहरू हुन्। विशेष गरी जाडोयाममा हरियो घाँसको अभावले गर्दा पशुहरू कुपोषणको शिकार हुन्छन्, जसले गर्दा दुध उत्पादन घट्छ र पशुहरूको स्वास्थ्यमा गिरावट आउँछ। भविष्यमा यी समस्याहरूको समाधानका लागि गाउँपालिकाले पशु अस्पताल निर्माण, चारा उत्पादन प्रवर्द्धन, र सहकारी संस्थाहरू मार्फत पशु बजार व्यवस्थापन जस्ता कार्यक्रमहरू लागू गर्नुपर्छ। साथै, स्थानीय स्तरमा पशुसेवा केन्द्रहरू स्थापना गरी सेवाको पहुँच बढाउनुपर्छ। यदि यी उपायहरू कार्यान्वयन गरियो भने, नरहरिनाथ गाउँपालिकाको पशुसेवा क्षेत्रले स्थानीय किसानहरूको जीविका र आर्थिक स्थितिमा ठूलो सुधार ल्याउन सक्नेछ।

**स्रोत: नरहरिनाथ गाउँपालिका कार्यालय, पशु सेवा शाखा**



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

## १०.स्थानीय क्षेत्र

यस गाँउपालिकाले पोषण तथा खाद्य सुरक्षाको सवालहरुलाई स्थानीय तहको नीति योजना र कार्यक्रममा समाबेश गरी अभियानहरु सन्चालन गरीरहेको छ । विगत १० बर्ष देखि नै बहुक्षेत्रीय पोषण योजनाको कार्यानवयन गरिरहेको छ । यस अन्तरगत स्थानीय तह र वडा तहमा पोषण तथा खाद्य सुरक्षा समितिहरु गठन भई क्रियाशिल रहेका छन। पोषणमैत्री स्थानीय शासन अवलम्बन गर्न स्थानीय तहको पोषणमैत्री स्थानीय शासन पालिका तथा वडा घोषणा कार्यविधि निर्माण गरि अभियानहरु सन्चालनमा रहेका छन।

स्थानीय तहले तोकिएकै समय भित्र वडा र पालिकालाई पोषणमैत्री स्थानीय शासनयुक्त घोषणा गर्नको लागि प्रायस बजेट विनियोजन गरी विभिन्न विकास साझेदारीहरुसंग समन्वय तथा सहकार्य गर्न जरुरी छ । यस्का साथै सामाजीक सुरक्षा कार्यक्रमलाई पोषण तथा खाद्य सुरक्षा कार्यक्रममा आवद्धता गर्नु पर्ने देखिन्छ ।

### १०.१ पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिका पदाधिकारीहरु

गाउँपालिका स्तरमा पोषण तथा खाद्य सुरक्षा सम्बन्धी नीति योजना बजेट र कार्यक्रम तर्जुमा गर्न र आवश्यक अभियानहरु सन्चालन गर्नका साथै समन्वय सहकार्य र सन्चालित कार्यक्रमहरुको अनुगमन गर्नको लागि देहाय अनुसारको पालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति रहेको छ ।

| सि.न. | पदाधिकारीहरुको नाम | ठेगाना | पद | फोन |
|---|---|---|---|---|
| १ | नगेन्द्र ब. बिष्ट | नरहरिनाथ गाउँपालिका | अध्यक्ष | ९८५८३२००६१ |
| २ | कमल कुमार शाह | नरहरिनाथ गाउँपालिका | उपाध्यक्ष | ९८४८३०११०३ |
| ३ | बालकृष्ण राना मगर | नरहरिनाथ गाउँपालिका | सदस्य सचिव | ९८४८११५२८९ |
| ४ | जगत ब. बिष्ट | नरहरिनाथ गाउँपालिका | सदस्य (वडा १ अध्यक्ष) | ९८४८२८०१३७ |
| ५ | प्रेम ब. बिष्ट | नरहरिनाथ गाउँपालिका | सदस्य (वडा २ अध्यक्ष) | ९८४८३०७४९९ |



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ६ | कटक ब. बुढा | नरहरिनाथ गाउँपालिका | सदस्य (वडा ३ अध्यक्ष) | ९८५८०३८०६१ |
| ७ | नन्दराम सहकारी | नरहरिनाथ गाउँपालिका | सदस्य (वडा ४ अध्यक्ष) | ९८४८३६१४३३ |
| ८ | मान ब. सहकारी | नरहरिनाथ गाउँपालिका | सदस्य (वडा ५ अध्यक्ष) | ९८६८२७४४९५ |
| ९ | पौराम कामी | नरहरिनाथ गाउँपालिका | सदस्य (वडा ६ अध्यक्ष) | ९८४८३०५८९९ |
| १० | खम्मा ब. बटला | नरहरिनाथ गाउँपालिका | सदस्य (वडा ७ अध्यक्ष) | ९८४८३६१८२५ |
| ११ | लाल ब. बिष्ट | नरहरिनाथ गाउँपालिका | सदस्य (वडा ८ अध्यक्ष) | ९८४८३०६०९८ |
| १२ | प्रदीप बोहरा | नरहरिनाथ गाउँपालिका | सदस्य (वडा ९ अध्यक्ष) | ९८५११९४९८० |
| १३ | अम्सरा बुढा | नरहरिनाथ गाउँपालिका | सदस्य (महिला प्रतिनिधि) | ९७४६५४८९६० |
| १४ | सबिना दार्जी | नरहरिनाथ गाउँपालिका | सदस्य (दलित महिला प्रतिनिधि) | ९८६०६५०२९३ |
| १५ | मान ब. सहकारी | नरहरिनाथ गाउँपालिका | सदस्य (स्वास्थ्य शांखा प्रमुख) | ९८४८३३०९१३ |
| १६ | सरिता कुमारी बिष्ट | नरहरिनाथ गाउँपालिका | सदस्य (महिला बालबालिका तथा समाज कल्याण इकाई) | ९८६४९४०७४५ |
| १७ | केशब राज खनाल | नरहरिनाथ गाउँपालिका | सदस्य (शिक्षा शाखा प्रमुख) | ९८४८४६१७२१ |
| १८ | मिना महतारा | नरहरिनाथ गाउँपालिका | सदस्य (कृषि बिकास शाखा प्रमुख) | ९८४५८१७८१६ |



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १९ | डा. पृथ्वी थापा | नरहरिनाथ गाउँपालिका | सदस्य (पशु सेवा शाखा प्रमुख) | ९८४४७६८८८८ |
| २० | निरक कु. शाह | नरहरिनाथ गाउँपालिका | सदस्य (योजना शाखा प्रमुख) | ९८४८२६२२९१ |
| २१ | टेक ब. बोगटी | नरहरिनाथ गाउँपालिका | सदस्य (खानेपानी तथा सरसफाई) | ९८४४८२०५४० |
| २२ | बिरेन्द्र ब. सहकारी | नरहरिनाथ गाउँपालिका | सदस्य (ट्रेड युनियन) | ९८६९०५३०१६ |
| २३ | राम ब. बुढा | नरहरिनाथ गाउँपालिका | सदस्य (बहु क्षेत्रीय पोषण योजना-सहजकर्ता) | ९८४८२९३५७३ |
| २४ | हिमाल आचार्य | नरहरिनाथ गाउँपालिका | सदस्य (संघ-संस्था) | ९८६०९०२०१८ |

## ११. बहुक्षेत्रीय पोषण योजना

### ११.१ पृष्ठभूमि

नेपालको आर्थिक, सामाजिक र मानव पूँजी विकासमा कुपोषण एक प्रमुख अवरोधको रूपमा रहेको छ। यसलाई न्यूनीकरण गर्न नरहरिनाथ गाउँपालिकाले बहुक्षेत्रीय पोषण कार्यक्रम निरन्तर कार्यान्वयन गर्दै आएको छ। गाउँपालिकाले विश्वव्यापी पोषण सम्वन्धी प्रतिबद्धतालाई ध्यानमा राखेर स्थानीय स्तरमा आमा, बालबालिका र किशोरीको पोषण अवस्था सुधार्ने लक्ष्य राखेको छ। यसका लागि केन्द्रिय, प्रदेश र स्थानीय सरकार, विकास साझेदार तथा नागरिक समाजको सहयोगमा बहुक्षेत्रीय पोषण कार्यक्रम (२०८०/०८१–२०८७/०८८) लागू गरिएको छ। यस कार्यक्रमले स्वास्थ्य, कृषि, पशुपंक्षी, शिक्षा, खानेपानी र सरसफाई, महिला तथा बालविकास जस्ता क्षेत्रहरूमा एकीकृत रूपमा कार्य गर्दै कुपोषण नियन्त्रण गर्ने प्रयास गरिरहेको छ।

गाउँपालिकाले पहिलो र दोस्रो चरणको पोषण कार्यक्रमबाट प्राप्त अनुभव र प्रगतिको विश्लेषण गरी तेस्रो चरणको कार्यक्रम अझ प्रभावकारी बनाउने प्रयास गरेको छ। यसले गर्भवती महिला, बालबालिका र किशोरीलाई लक्षित गरी १००० दिनको अवधिमा पोषण सुधार गर्ने रणनीति अवलम्बन गरेको छ। यसका लागि प्रदेश र



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नागेन्द्र बहादुर बिष्ट
अध्यक्ष

स्थानीय सरकारले अग्रसरता लिनु आवश्यक छ भन्नेमा गाउँपालिका सचेत छ। नरहरिनाथ गाउँपालिकाले यस कार्यक्रमलाई प्राथमिकताको रूपमा लिई आफ्नो नीति तथा योजनामा समावेश गरेको छ। बहुक्षेत्रीय पोषण कार्यक्रमले पोषण अवस्था सुधार गर्न वैधानिक र प्राविधिक सहयोग प्रदान गर्ने उद्देश्य राखेको छ। यसले गाउँपालिकाको सामाजिक, आर्थिक विकासमा ठूलो योगदान पुर्याउने अपेक्षा गरिएको छ।

कालिकोट जस्तो दुर्गम क्षेत्रमा पोषण सुधार गर्नु आफैंमा एक ठूलो चुनौती हो। यसलाई सम्बोधन गर्न नरहरिनाथ गाउँपालिकाले स्थानीय स्रोत, सहभागिता र बहुक्षेत्रीय समन्वयमा आधारित कार्यक्रम कार्यान्वयन गर्दै आएको छ। गाउँपालिकाले यस कार्यक्रमलाई आधार बनाएर पोषण सम्बन्धी कार्यक्रम र परियोजनाहरू तयार गरी दिगो विकास लक्ष्यहरू प्राप्त गर्ने लक्ष्य राखेको छ। यसले गर्दा गाउँपालिकाका विशेष गरी गरिबीको रेखामुनिका परिवारहरू, सीमान्तकृत समुदायहरू र महिला तथा बालबालिकाहरूको पोषण अवस्थामा ठूलो सुधार आएको छ। भविष्यमा यस कार्यक्रमले अझ बढी प्रभावकारी हुनेछ भन्नेमा स्थानीय सरकार, विकास साझेदार र समुदायको विश्वास छ।

## ११.२ विद्यमान अवस्था

खाद्य सुरक्षा र पोषण मानव विकासको आधारभूत तत्व हुन्, तर नरहरिनाथ गाउँपालिकाको अवस्था यस दृष्टिले गम्भीर चुनौतीपूर्ण देखिएको छ। देशको अन्य भागहरूसँग तुलना गर्दा यहाँको खाद्य सुरक्षा अवस्था निकै कमजोर छ। गाउँपालिकामा करिब २८ प्रतिशत घरपरिवारले दैनिक रुपमा पर्याप्त आहार उपभोग गर्न सक्दैनन्। यद्यपि यो प्रतिशत राष्ट्रिय औसत ३२% भन्दा केही कम देखिए पनि ग्रामीण क्षेत्रका लागि यो अवस्था चिन्ताजनक नै हो। पर्याप्त तथा पोषणयुक्त आहार नपाउँदा विशेषगरी गर्भवती महिला, सुत्केरी आमा, नवजात शिशु र बालबालिका बढी जोखिममा पर्ने गर्छन्।

नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण २०७८ अनुसार नरहरिनाथ गाउँपालिकाका पाँच वर्षमुनिका बालबालिकामा गम्भीर पोषण समस्या देखिएको छ। सर्वेक्षणले देखाएको तथ्याङ्क अनुसार, बालबालिकामा पुड्कोपन (Stunting) को दर २४.८% रहेको छ, जसले दीर्घकालीन कुपोषणको समस्या संकेत गर्दछ। त्यस्तै, ख्वाउटेपन (Wasting) ८% रहेको छ, जुन तीव्र कुपोषणको सूचक हो। साथै, ११% बालबालिका कम तौल (Underweight) को समस्याबाट ग्रस्त छन्, र ४६% मा रगतको कमी (एनिमिया) देखिएको छ, जुन शारीरिक र बौद्धिक विकासमा बाधक बन्न सक्छ। यी समस्याहरूले गाउँपालिकाको मानव विकास सूचकांकमा नकारात्मक असर पुर्याइरहेका छन्।

यी समस्याहरूको समाधानका लागि नरहरिनाथ गाउँपालिकाले पोषण क्षेत्रमा राजनीतिक प्रतिबद्धता, नीतिगत संरचना, स्रोत व्यवस्थापन र सुशासनलाई प्राथमिकता दिनुपर्ने स्पष्ट देखिन्छ। प्रभावकारी हस्तक्षेप बिना यी



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर सिंह
अध्यक्ष

समस्याहरू दीर्घकालीन रूपमा समाधान हुन सक्दैनन्। गाउँपालिकाले नीति निर्माणदेखि कार्यान्वयनसम्मका तहहरूमा सम्पूर्ण सरोकारवाला–सरकार, गैरसरकारी संस्था, समुदाय, निजी क्षेत्र र नागरिक समाजबीच समन्वय आवश्यक छ। यो समन्वयले पोषण समस्याको समाधान मात्र नभई, समुदायमा चेतना अभिवृद्धि, सेवाप्रवाहको गुणस्तर वृद्धि, र दिगो समाधानमा पनि सहयोग गर्नेछ।

नरहरिनाथ गाउँपालिकाले हाल तीन तहका शासकीय संरचनाहरूको विकास र कार्यसम्पादन क्षमतामा ध्यान दिँदै आएको छ। पोषण क्षेत्रमा बहुक्षेत्रीय दृष्टिकोण अपनाउँदै स्थानीय तहमा 'बहुक्षेत्रीय पोषण कार्यक्रम' (MSNP) कार्यान्वयन गरिएको छ। यस कार्यक्रममार्फत कृषि पशुपन्छी, स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका र खानेपानी क्षेत्रहरूलाई समेट्दै पोषणको सुधारमा जोड दिइएको छ। गाउँपालिकाभित्र ९ वटा स्वास्थ्य संस्थाहरू मार्फत पोषण सेवा प्रदान गरिँदै आएको छ। यसैको परिणामस्वरूप ख्वाउटेपनमा ३८% सुधार भएको तथ्याङ्कले देखाउँछ, जुन एक सकारात्मक उपलब्धि हो।

यस्तै, गाउँपालिकाले पोषणयुक्त स्वास्थ्य सेवा विस्तार गर्न सामुदायिक स्वास्थ्यकर्मी र स्वयंसेविकाको परिचालनलाई पनि मजबुत बनाउँदै गएको छ। स्वास्थ्य संस्थामा नियमित पोषण परीक्षण, एम.यू.ए.सी. मापन, सप्लिमेन्ट सप्लाई तथा मातृ–शिशु पोषण कार्यक्रमहरूको प्रभावकारिता बढाइएको छ। साथै, पोषणमा आधारित बजेट सुनिश्चित गर्दै स्थानीय तहमा नीति तथा कार्यक्रम बनाउने अभ्यासलाई संस्थागत गरिँदैछ। जनप्रतिनिधि, कर्मचारी र समुदाय स्तरमा पोषणका विषयमा जनचेतना अभिवृद्धि गर्न तालिम, अभिमुखीकरण र संवेदीकरण कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन्।

नरहरिनाथ गाउँपालिकाले दिगो विकास लक्ष्य २०३० (SDG 2: Zero Hunger), राष्ट्रिय पोषण रणनीति २०२१ र सुनिश्चित रूपमा खाद्य प्रणाली सशक्तिकरण २०२१ जस्ता महत्वपूर्ण अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतिबद्धताहरूलाई ध्यानमा राख्दै कार्य गरिरहेको छ। यी प्रतिबद्धताहरूले पोषण सुधारका कार्यक्रमलाई दीर्घकालीन, सहभागी र समावेशी बनाउन महत्वपूर्ण भूमिका खेल्छन्। बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट गाउँपालिकाको सामाजिक, आर्थिक र मानव विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ।

अन्त्यमा, खाद्य सुरक्षा र पोषण सुधार कुनै एक निकाय वा तहले मात्रै सम्भव छैन। यो सामूहिक प्रयास, दीर्घकालीन सोच, वैज्ञानिक दृष्टिकोण र समुदायको सहभागिताबाट मात्र सम्भव छ। नरहरिनाथ गाउँपालिकाले हालसम्मको सुधारलाई अझ सुदृढ गर्दै, संस्थागत संरचना सुदृढीकरण, बजेट सुनिश्चितता र नवीन प्रविधिको प्रयोग गरी पोषण सुधारको मार्गमा दृढताका साथ अगाडि बढ्नुपर्ने आवश्यकता रहेको छ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

## ११.३ मुख्य सवाल तथा चुनौति:

नरहरिनाथ गाउँपालिकाले बहुक्षेत्रीय पोषण कार्यक्रमको विस्तार, पोषणसम्बन्धी शासकीय संरचनाको सुदृढीकरण, स्थानीय तहको क्षमता विकास र समुदायको जागरूकतामा ध्यान केन्द्रित गरेर पोषण अवस्था सुधार गर्ने प्रयास गरेको छ। तथापि, भौगोलिक अवस्थिति, जैविक, आर्थिक अवस्था, शैक्षिक स्तर, उमेर समूह र जीवनशैलीका आधारमा पोषणको असमानता कायमै छ। नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार, गाउँपालिकामा पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपनको दर २४.८% छ, जुन राष्ट्रिय औसत संग मिल्न जान्छ। यो अवस्था ग्रामीण क्षेत्रमा ३१% र हिमाली भेगमा ४२% सम्म पुगेको छ, जसले गर्दा नरहरिनाथ जस्ता दुर्गम क्षेत्रहरूमा पोषणको अभावले गर्दा अझै समस्या तथा चुनौतिको बिषय बनेको छ। शिक्षित आमाबाबु (१२%) को तुलनामा निरक्षर आमाबाबुका बालबालिकामा पुड्कोपनको दर ३६% छ भने गरिब वर्गका बालबालिकामा यो दर ३७% छ, जुन धनी वर्ग (१३%) भन्दा धेरै बढी हो। यसले सामाजिक-आर्थिक असमानता र शैक्षिक पिछडिएपनले पोषणमा पर्ने प्रभावलाई स्पष्ट रूपमा देखाउँछ।

कुपोषणले नरहरिनाथ गाँउपालिका को सामाजिक र आर्थिक विकासमा गम्भीर नकारात्मक प्रभाव पारेको छ। न्यून पोषण, सूक्ष्म पोषक तत्वको कमी, र अधिक पोषणलाई समेटेर कुपोषणको समस्या बहुआयामिक रूपमा देखा परेको छ। विश्व पोषण प्रतिवेदन २०१६ अनुसार, कुपोषणले कुल ग्राहस्थ उत्पादनमा ११% सम्म ह्रास गराउँछ, जसले गर्दा स्थानीय अर्थतन्त्रमा ठूलो झट्का लाग्छ। बालबालिकाको पोषणमा गरिएको लगानीले दीर्घकालीन रूपमा १८ गुणा फाइदा दिने देखाइएको छ, तर गाँउपालिकामा ११% बालबालिका तौलमा कमी भएका छन् भने नवजात शिशुको वृद्धिदर पनि न्यून छ। यसले भविष्यमा स्वस्थ र उत्पादक जनशक्तिको अभाव हुने खतरा बढाएको छ। स्थानीय तहमा खाद्य सुरक्षा सम्बन्धी तथ्याङ्कको अभाव, सन्तुलित आहारप्रति जनचेतनाको कमी, पोषणयुक्त स्थानीय खाद्यान्नको उपभोग घट्दो अवस्था र बाह्य आयातित खाद्यपदार्थमा निर्भरताले चुनौतीहरू अझै पनि जटिल बनेका छन्।

गाँउपालिकामा धेरै परिवारहरूले प्रशोधित र अस्वास्थ्यकर खाद्यपदार्थको सेवन गर्न थालेका छन्, जसले गर्दा अधिक पोषण (मोटापा, मधुमेह जस्ता रोग) को समस्या पनि बढ्दै गएको छ। यसले गर्दा स्वास्थ्य खर्च बढ्ने, श्रमशक्तिको उत्पादकत्व घट्ने र दिगो विकासमा बाधा उत्पन्न हुने जोखिम बढेको छ। यी चुनौतीहरूको समाधानका लागि नरहरिनाथ गाँउपालिकामा स्थानीय स्तरमा पर्याप्त खाद्य उत्पादन, दुर्गम क्षेत्रमा खाद्य उपलब्धता, पोषण चेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। कुपोषण समाधानका लागि स्वास्थ्य, कृषि, शिक्षा, खानेपानी, सरसफाई, महिला तथा बालविकास जस्ता बहुक्षेत्रीय प्रयासहरू समन्वय गरी एकीकृत रूपमा कार्यान्वयन गर्न आवश्यक छ। पहिलो, स्थानीय स्तरमा पोषण संवाददाता नियुक्त गरी समुदायमा जागरूकता अभियान सञ्चालन गर्नुपर्छ। दोस्रो, स्कूल र स्वास्थ्य चौकीमार्फत पोषण शिक्षा, आहार विविधिकरण र स्थानीय पोषणयुक्त खाद्यपदार्थको उपभोग बढाउने कार्यक्रमहरू लागू गर्नुपर्छ। तेस्रो, गरिबी रेखामुनिका परिवारहरूलाई लक्षित गरी पोषण सहयोग (जस्तै फोर्टिफाइड अन्न, भिटामिन सप्लिमेन्ट) उपलब्ध



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

गराउनुपर्छ। अन्तमा, सरकार, गैरसरकारी संस्था, स्थानीय निकाय र समुदायको सहकार्यमा दिगो पोषण कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्छ। यदि यी उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन गरियो भने, नरहरिनाथ गाँउपालिकाले कुपोषणमुक्त समाज निर्माण गर्न सफल हुनेछ, जसले गर्दा सामाजिक-आर्थिक विकासमा ठूलो योगदान पुर्याउनेछ।

## ११.४ उद्देश्य

नरहरिनाथ गाउँपालिकाले बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत पोषण विशेष सेवाको विस्तार गरी गुणस्तरीय पोषण सेवाको उपलब्धता र पहुँच सुधार्दै मानव जीवनचक्रमा पोषणको अवस्था सुधार्ने लक्ष्य राखेको छ। यस कार्यक्रमका प्रमुख उद्देश्यहरू यसप्रकार छन्:

1. पोषण विशेष सेवाको सुलभ पहुँच: सबै नागरिकलाई पोषण विशेष सेवाको उपलब्धता गुणस्तरीय बनाउने र सेवाको उपभोग बढाउने

2. पोषण सचेतनशीलता वृद्धि: पोषण सचेतनशील सेवाको पहुँच र उपभोग बढाएर स्वस्थ खानपान व्यवहारमा सुधार ल्याउने

3. पोषणैत्री प्रणाली विकास: पोषणमैत्री प्रणालीगत दृष्टिकोण अपनाउँदै सरकार र सरोकारवालाको जवाफदेहिता र संस्थागत क्षमता अभिवृद्धि गर्ने

4. सामाजिक व्यवहार परिवर्तन: स्वास्थ्य, पोषण, खानेपानी, सरसफाई र स्वच्छतासम्बन्धी अस्वस्थ व्यवहारमा सुधार गर्ने

5. एकीकृत पोषण कार्यक्रम: पोषण र खाद्य सुरक्षासम्बन्धी कार्यक्रम एकीकृत रूपमा तयार गरी गर्भवती, बालबालिका र किशोरीको स्वास्थ्य र पोषण अवस्था सुधार्ने

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

## १२. पोषणमैत्री स्थानीय तहको क्षेत्रगत सूचकहरुको बर्तमान स्थिति

| क्षेत्र | सूचक | वर्तमान अवस्था | राष्ट्रिय औसत |
|---|---|---|---|
| स्वास्थ्य | ५ वर्षमुनिका पुड्कोपन दर | २४.८% | २५.००% |
| | ख्वाउटेपन दर | ८.००% | ८.००% |
| | एनिमिया दर (बालबालिका ६-५९) | ४६.००% | ३५.००% |
| | कम तौल दर(बालबालिका ६-५९) | ११.००% | १९.००% |
| कृषि/खाद्य सुरक्षा | खाद्य असुरक्षित घरपरिवार | २८.००% | २५.००% |
| | पोषणयुक्त खाद्य उत्पादन | ५५.००% | ६०.००% |
| शिक्षा | विद्यालय पोषण कार्यक्रम कवरेज | ४५.००% | ५८.००% |
| WASH | सुरक्षित खानेपानी उपलब्धता | ६२.००% | ७१.००% |
| | उन्नत स्वच्छता प्रयोग | ५५.००% | ६२.००% |
| सामाजिक सुरक्षा | पोषण आधारित सामाजिक सुरक्षा | २२.००% | ३०.००% |
| स्थानीय नीति | पोषण बजेट बिनियोजन | १५.००% | २०.००% |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

## नरहरिनाथ गाउँपालिका, कालिकोटका पोषणमैत्री सूचकहरू

| क्र.सं. | मुख्य क्षेत्र | विशिष्ट सूचक | हालको अवस्था | राष्ट्रिय औसत | विश्लेषण |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य | ५ वर्षमुनिका पुड्कोपन दर | २४.८% | 25% | सन्तोषजनक |
| २ | स्वास्थ्य | ख्वाउटेपनको दर | ८% | ८% | सन्तोषजनक |
| ३ | स्वास्थ्य | बालबालिकामा एनिमिया दर | ४६% | 35% | चिन्ताजनक |
| ४ | स्वास्थ्य | पूर्ण खोप दर | 65% | 78% | सुधार आवश्यक |
| ५ | कृषि/खाद्य सुरक्षा | खाद्य असुरक्षित घरपरिवार | 28% | 25% | ध्यान दिनुपर्छ |
| ६ | कृषि/खाद्य सुरक्षा | पोषणयुक्त खाद्य उत्पादन | 55% | 60% | सुधार आवश्यक |
| ७ | शिक्षा | विद्यालय पोषण कार्यक्रम | 45% | 58% | विस्तार आवश्यक |
| ८ | WASH | सुरक्षित खानेपानी प्रायोजन उपलब्धता | 62% | 71% | महत्वपूर्ण अन्तर |
| ९ | WASH | उन्नत स्वच्छता प्रयोग | 55% | 62% | सुधार आवश्यक |
| १० | सामाजिक सुरक्षा | पोषण आधारित सुरक्षा कवरेज | 22% | 30% | विस्तार आवश्यक |
| ११ | स्थानीय नीति | पोषणमा बजेट बिनियोजन | 15% | 20% | बढाउनुपर्छ |

**प्रमुख अवलोकन:**

१. केहि प्रमुख सूचकहरूमा राष्ट्रिय औसतभन्दा पछाडि
२. पूर्ण खोप दर (६५%) र एनिमिया (४६%) अत्यन्त चिन्ताजनक
३. WASH सुचाकहरुमा ठूलो अन्तर
४. सामाजिक सुरक्षा कवरेज अपर्याप्त

**सुझाव:**

१. बाल पोषण कार्यक्रमहरूमा तीव्र ध्यान केन्द्रित गर्नुपर्छ ।
२. खाद्य उत्पादन र WASH कार्यक्रमहरू एकीकृत गर्नुपर्छ ।
३. सामाजिक सुरक्षा कार्यक्रमको विस्तार गर्नुपर्छ ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

## पोषणको क्षेत्रमा कार्यरत गैह सरकारीको संस्था तथा सम्पर्क व्यक्तिको विवरण:

| सि.न. | गैह सरकारी संस्थाको नाम | कार्यरत वडा | कार्यक्रमको नाम | दातृ निकाय | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|---|
| १ | INF | १ देखी ९ | Livelihoods and Health | INF International | रुपबहादुर शाही |
| २ | SAHAS Nepal | १ देखी ९ | पाइला परियोजना | Felm | हरि राम लोहनी |
| ३ | MDI Nepal | १ देखी ९ | बाल पोषण | WFP | सपना सेजुवाल |
| ४ | VDSEF | १ देखी ९ | मातृ तथा बाल स्वास्थ्य | One Heart Worldwide | इश्वर बढु |
| ५ | KIRDARC | १ देखी ९ | सशक्त बालिका परियोजना | Plan International | बलिराज शाही |

## स्थानीय जनप्रतिनिधिहरुको विवरण

| क्र.सं | नाम थर | पद | फोन नं | कैफियत |
|---|---|---|---|---|
| 1. | नगेन्द्र बहादुर बिष्ट | गाउँपालिका अध्यक्ष | ९८५८३२००६१ | |
| 2. | कमल कुमार शाह | गाउँपालिका उपाध्यक्ष | ९८४८३०११०३ | |
| 3. | **जगत बहादुर बिष्ट** | **वडा अध्यक्ष वडा नं.१** | **९८४८२८०१३७** | |
| 4. | मिठु देवि बिष्ट | महिला सदस्य | ९७४९८५१०४८ | |
| 5. | रिठु बि क | दलित महिला सदस्य | ९८६९९६२४२० | |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| 6. | मान बहादुर बिष्ट | सदस्य | ९८६८३६८४६१ | |
| 7. | भिम बिष्ट | सदस्य | ९८६६५९१३८४ | |
| **8.** | **प्रेम बहादुर बिष्ट** | **वडा अध्यक्ष वडा नं.२** | **९८४८३०७४९९** | |
| 9. | सविना दर्जी | महिला सदस्य | ९८६०६५०२९३ | |
| 10. | गद्दी दमाई | दलित महिला सदस्य | ९८४८६६९२८३ | |
| 11. | मन्दिरे कामी | सदस्य | ९८४८३६०४४३ | |
| 12. | पिथ महतारा | सदस्य | - | |
| **13.** | **कटक बहादुर बुढा** | **वडा अध्यक्ष वडा नं.३** | **९८४८३४८७०१** | |
| 14. | अम्सरा कुमारी बुढा | महिला सदस्य | ९७४६७४८९६० | |
| 15. | मन्पुरा कामी | दलित महिला सदस्य | ९८४८३८९५५३ | |
| 16. | राम बहादुर बुढा | सदस्य | ९८४१८१८५१७ | |
| 17. | अम्बर बिष्ट | सदस्य | ९८६४८८१०११ | |
| **18.** | **नन्दराम सहकारी** | **वडा अध्यक्ष वडा नं.४** | **९८४८३६१४३३** | |
| 19. | थुमा कुमारी बुढा | महिला सदस्य | ९८६४९८९५४५ | |
| 20. | राजु दमाई | दलित महिला सदस्य | ९८६०६९५१६४ | |
| 21. | रमाने बुढा | सदस्य | ९८४८३९३६१५ | |
| 22. | नरेन्द्र कुमार सहकारी | सदस्य | ९७४८४९९४७७ | |
| **23.** | **मान बहादुर सहकारी** | **वडा अध्यक्ष वडा नं.५** | **९८६८२७४४९५** | |
| 24. | सुन्केशा सहकारी | महिला सदस्य | ९७४५५००७६६ | |



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

CamScanner

| | | | | |
|---|---|---|---|---|
| 25. | गोर्ख बहादुर सहकारी | सदस्य | ९७४२९७२५३३ | |
| 26. | दिपेन्द्र बहादुर सहकारी | सदस्य | ९७४४२५२०२२ | |
| **27.** | **पौराम कामी** | **वडा अध्यक्ष वडा नं.६** | **९८४८३०५८९९** | |
| 28. | बिमला भण्डारी | महिला सदस्य | ९८६१७४९४२४ | |
| 29. | मनपुरा कामी | दलित महिला सदस्य | ९८४८३८९५५३ | |
| 30. | कर बटाला | सदस्य | ९८४८३६१३५५ | |
| 31. | नरपति कामी | सदस्य | ९८६८१३००७८ | |
| **32.** | **खाम्म बहादुर बटाला** | **वडा अध्यक्ष वडा नं.७** | **९८४८३६१८२५** | |
| 33. | बन्दना देवी शाही | महिला सदस्य | ९४७९९५५४४५ | |
| 34. | सरला बि क | दलित महिला सदस्य | ९८६८३५८०५९ | |
| 35. | रमेश बुढा | सदस्य | ९८४८३९०९४८ | |
| 36. | प्रेम बहादुर बुढा | सदस्य | ९८६४७९६३२० | |
| **37.** | **लाल बहादुर बिष्ट** | **वडा अध्यक्ष वडा नं.८** | **९८४८३०६०९८** | |
| 38. | धनसरा बिष्ट | महिला सदस्य | ९८४८३२१४५८ | |
| 39. | मिना बि क | दलित महिला सदस्य | ९८४५७९१६१५ | |
| 40. | मिन बहादुर भण्डारी | सदस्य | ९८६४३५८७७७ | |
| 41. | जय बहादुर थापा | सदस्य | ९८४८३६०९२७ | |
| **42.** | **प्रदीप बोहोरा** | **वडा अध्यक्ष वडा नं.९** | **९८५११९४९८०** | |



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

CamScanner

| | | | | |
|---|---|---|---|---|
| 43. | जया बोहरा | महिला सदस्य | ९८६७३५८७२७ | |
| 44. | भरु दमाई | दलित महिला सदस्य | ९८४४१५४५६५ | |
| 45. | बल बहादुर बोहरा | सदस्य | ९८६२४७०७१३ | |
| 46. | दान बहादुर शाही | सदस्य | ९८४८३८१७१७ | |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष



CS CamScanner